# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली भाषाको मूल थलो कर्णाली प्रदेशको सिञ्जा क्षेत्र हो । सिञ्जालाई राजा नागराजले राज्य बनाएपछि नेपाली भाषाले विकास हुने मौका पायो । तत्कालीन समयदेखि नै नेपाली भाषा राजकीय तथा प्रशासनिक भाषाको रूपमा प्रयोग भएको थियो । संसारमा बोलिने विभिन्न भाषहरूमध्ये नेपाली भाषा नेपालका अधिकांश मानिसहरूले बोल्ने र बुझ्ने भाषा हो । नेपाली भाषा भारोपेली परिवारको सतम वर्गमा पर्ने प्राकृत र अपभ्रंश भाषाबाट इसाको एघारौँ शताब्दीमा उत्पत्ति भएको आर्य भाषा हो । नेपाली भाषाको सुरुवातका बारेमा बालकृष्ण पोखरेल शौरसेनी अपभ्रंशबाट, चुडामणि बन्धुले खस अपभ्रंशबाट भएको उल्लेख गरेका छन् । यसरी भन्नुपर्दा नेपाली भाषा भारोपेली भाषा परिवारको आर्य-इरानेली अथवा भारत-इरानेली शाखाको खस प्राकृत हुँदै खस अपभ्रंशबाट आएको भाषा हो भन्न सकिन्छ (न्यौपाने र अन्य, २०६९ : २७०) । नेपाली भाषाले आफ्नो उत्पत्ति कालदेखि वर्तमान समयसम्म आइपुग्दा नेपालको राष्ट्रभाषा सरकारी कामकाजको भाषा सम्पर्क भाषा र आम सञ्चारको भाषाको रूपमा समेत रहेका छन् । साथै देश बाहिर समेत यसको क्षेत्र विस्तार हुने क्रम बढ्दो रहेका छन् । समयको क्रम र परिवर्तनसँगै नेपाली भाषामा पनि परिवर्तन र सुधारहरू हुँदै आएका छन् ।

विद्यार्थीका पहिलो भाषाको प्रत्यक्ष प्रभाव दोस्रो भाषामा पर्न जान्छ । पहिलो अन्य कुनै भाषाको खाली हुन्छ । अनुभव हुँदैन तर दोस्रो भाषा आर्जन गर्ने क्रममा दिमाग कुनै न कुनै भाषाको अनुभवले भरिइ सकेको हुन्छ । यस्तो स्थितिमा एउटा भाषाको अनुभवले अर्को भाषा सिकाइलाई प्रभावित तुल्याउनु स्वाभाविक हुन्छ र त्यो प्रभाव सुविधायुक्त र बाधायुक्त दुवै किसिमको हुन सक्छ । यो सुविधा र बाधा विद्यार्थीको पहिलो भाषा र दोस्रो भाषाबीचको संरचना, शैली र प्रयोग आदि क्षमताको भिन्नताको मात्रामा भर पर्छ । स्रोतभाषा र लक्ष्य भाषाका बीचमा उच्चारण, शब्दरचना, वाक्यगठन भएमा दोस्रो भाषा सिकाइमा सुविधा प्राप्त हुन्छ भने भिन्नता बढी भएमा दोस्रो भाषा सिकाइमा निकै बाधा र कठिनाइहरूको सामना गर्नुपर्ने हुन्छ (शर्मा र पौडेल, २०७५) ।

भाषा सिकाइमा पनि विद्यार्थी पूर्व अनुभवी भाषाका उच्चारण वाक्यगठन आदिको सहयोग लिई अर्को भाषा सुन्ने, बुझ्ने र प्रयोग गर्ने कोसिस गर्छ । यसरी दोस्रो भाषा सिकाइमा पहिलो भाषाका सिकाइ अनुभवको स्थानस्तरण गर्ने स्वाभाविक प्रवृत्ति विद्यार्थीमा हुने भएकाले धेरै पछिसम्म पनि दोस्रो भाषाको व्यवहारमा पहिलो भाषाका उच्चारण, शब्द रचना र वाक्यगठन सम्बन्धी प्रभाव त्रुटिका रूपमा प्रतिबिम्बित भएका देखिन्छन् । दोस्रो भाषा सिकाइ विद्यार्थीको बिलकुलै नयाँ अनुभव नभएकाले पनि उसले पहिलो भाषाका बनोट र प्रयोग विशेषताहरूलाई दोस्रो भाषामा स्थानान्तरण गर्छ । यस्तो स्थानान्तरण गर्दा दोस्रो भाषाका ढाँचासँग नमिल्दा कुराहरू विभिन्न त्रुटिका रूपमा परिणत हुन्छन् । भाषा सिकाइका क्रममा त्रुटिहरू देखा पर्नु स्वाभाविक हो तर भाषा शिक्षणमा त्रुटिहरू निदान गर्न कठिनाइ पर्नु, चाहिँ समस्या हो । व्यवहारवादी मनोवैज्ञानिक तथा संरचनावादी भाषा वैज्ञानिकहरूले पनि दोस्रो भाषा सिकाइ कठिनाइपूर्ण हुनुको मुख्य कारक तत्त्व प्रथम भाषाको अनुभवलाई मानेका छन् ( पौडेल, २०७२ : २१५) ।

नेपाल बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक देश भएकोले यहाँ विभिन्न जातजाति, भाषाभाषी र साँस्कृतिक पृष्ठभूमि भएका मानिसहरू बसोबास गर्दछन् । नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा मातृभाषाको रूपमा १२३ ओटा भाषा बोलिन्छन् ( जनगणना, २०६८) । नेपालका विभिन्न भू-भागमा बोलिने मातृभाषाहरू मध्ये चाम्लिङ भाषा भोटबर्मेली परिवारभित्रको एउटा भाषा हो । चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गरेको पाइन्छ । चाम्लिङभाषी विद्यार्थीहरूलाई नेपाली भाषा सिक्न कठिन हुने भएका कारणले लिङ्ग, वचन, पुरुष र आदर जस्ता नेपाली वाक्यगठनमा धेरै मात्रामा त्रुटि गरेको पाइन्छ । मातृभाषी विद्यार्थीहरूलाई आफ्नो मातृभाषाका कारणले गर्दा नेपाली भाषा सिक्न समस्या आइपरेको देखिन्छ । चाम्लिङभाषी विद्यार्थीहरूको नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरू धेरै हुने गरेको पाइन्छ । ती विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा के कस्ता त्रुटिहरू गर्दछन् ? चाम्लिङभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने गरेका त्रुटिका कारणहरू के के हुन सक्छन् । ती त्रुटिहरू निराकरण गर्नका लागि के कस्ता उपायहरू अपनाउन सकिन्छ ? चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा त्रुटि गर्नका कारणहरू आफ्नै मातृभाषालाई लिन सकिन्छ । किनभने नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने गर्दछन् । त्यसैले धेरै त्रुटिहरू गर्ने गरेको पाइन्छ । चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिहरू पत्ता लगाइएको छ । ती त्रुटिहरूको वर्गीकरण गरी कारणहरू

पत्ता लगाइएको छ ।त्यस्ता त्रुटिहरू निराकरण गर्नका लागि कस्ता उपायहरू अपनाउन सकिन्छ भन्ने कुरामा केन्द्रित रहेर शोधकार्य तयार गरिएको छ । विशेषगरी क्षेत्रीय सामग्री सङ्कलन विधि र आंशिक रूपमा पुस्तकालयीय विधिमा रहेर शोधकार्य तयार गरिएको छ ।

## १.२ समस्या कथन

शोधकार्यका निम्ति छानिएको कुनै पनि अनुसन्धेय विषय वस्तुलाई नै समस्याको रूपमा लिने गरिन्छ । प्रत्येक समुदायले बालबालिकालाई कक्षा ५ सम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछ भन्ने कुरालाई संविधानले समेत व्यवस्थित गरेको पाइन्छ । नेपालका विभिन्न क्षेत्रमा छरिएर रहेका सम्पूर्ण जातजातिहरूलाई आफ्नो भाषा लिपि र संस्कृतिको संरक्षण र संबर्द्धन गर्ने अधिकार रहेको छ । चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली माध्यममा शिक्षा आर्जन गर्नुपर्दा आफ्नो मातृभाषाका प्रभावले गर्दा त्रुटिहरू गर्ने गर्दछन् । विद्यार्थीहरूमा सिकाइ प्रक्रिया कसरी भइरहेको छ, ती कुरा पत्ता लगाउन उनीहरूले सिक्दै गरेको भाषामा पाइने त्रुटिहरूको अध्ययन गर्नु आवश्यक हुन्छ । सिकाइका क्रममा बिना गल्ती कुनै पनि भाषामा शुद्धता ल्याउन सकिदैन । त्रुटिकै कारणले गर्दा भाषा सिकाइमा शुद्धता ल्याउन सकिन्छ । सिकारुले गर्दा भाषा सिकाइमा शुद्धता ल्याउन सकिन्छ । सिकारुले गरेका त्रुटिको पहिचान गरी त्रुटि निराकरण गर्न विभिन्न उपायहरूको आवश्यकता हुन्छ । चाम्लिङभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययनको सन्दर्भमा के कस्ता त्रुटिहरू गर्दछन् ? चाम्लिङभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको के कसरी वर्गीकरण गर्न सकिन्छ ? चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गरेका त्रुटिका कारणहरू के के हुन सक्छन ? र ती त्रुटिहरू निराकरण गर्नका लागि के कस्ता उपायहरू अपनाउन सकिन्छ ? भन्ने कुरा नै शोधकार्यको समस्या कथन हो ।

## १.३ अध्ययनको उद्देश्यहरू

प्रस्तुत शोधकार्यको उद्देश्य निम्नानुसार प्रस्तुत गरिएको छ :

क) चाम्लिङ्भाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान गर्नु,

ख) चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यागठनमा गर्ने त्रुटिहरूको वर्गीकरण गर्नु,

ग) चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिको कारणहरू पत्ता लगाउनु,

घ) ती त्रुटिहरू निराकरणका लागि उपायहरू पत्ता लगाउनु,

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत शोधकार्यका लागि अनुसन्धानात्मक प्रश्नहरू निम्नअनुसार रहेका छन् :

क) चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा के कस्ता त्रुटिहरू गर्दछन् ?

ख) चाम्लिङभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको के कसरी वर्गीकरण गर्न सकिन्छ ?

ग) चाम्लिङभाषी विद्यार्थीहरूले वाक्यगठनमा गरेका त्रुटिका कारणहरू के के हुन सक्छन् ?

घ) ती त्रुटिहरू निराकरण गर्नका लागि के कस्ता उपायहरू अपनाउन सकिन्छ ?

## १.५ अध्ययनको महत्त्व

विद्यार्थीहरूमा सिकाइ प्रक्रिया कसरी चलिरहेको हुन्छ यो थाहा पाउनका लागि उनीहरूले सिक्दै गरेको भाषामा पाइने त्रुटिहरूको अध्ययन गर्नु महत्वपूर्ण मानिन्छ । नेपाली भाषा नेपालको सरकारी कामकाज र शिक्षा तथा सम्पर्कको भाषा हो यहाँ विभिन्न जातजातिका आ-आफ्नै मातृभाषा बोल्ने र सरकारले कक्षा ५ सम्म आफ्नै मातृभाषामा विद्यार्थीहरूले पढ्न पाउने व्यवस्था लागु गरेका छन् । जुनसुकै भाषा सिकाइका क्रममा यस्ता धेरै त्रुटिहरू हुने गर्दछन् । दोस्रो भाषाका रूपमा नेपाली सिक्दै गरेका चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा के कस्ता त्रुटिहरू गर्दछन् ? ती त्रुटिका कारणहरू के के हुन सक्छन् ? त्यस्ता त्रुटिको कसरी निराकरण गर्न सकिन्छ ? भन्ने कुराको विश्लेषण गर्न यस अध्ययनले महत्वपूर्ण सहयोग पुऱ्याएकोछ । त्रुटिविश्लेषणले भाषाशिक्षणको क्रममा चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण, विश्लेषण गरी ती त्रुटिको निराकरण गरी नेपाली बोल्न सहयोग पुऱ्याउनका साथै यस अध्ययनले भाषिक सीपको विकास गरी लेखनशैली र अभिव्यक्ति क्षमताको समेत विकास हुने भएकाले यो महत्त्वपूर्ण मानिन्छ । चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचानका लागि दुई भाषाहरूमा भएका व्याकरणात्मक कोटिहरू लिङ्ग, वचन, पुरुष र आदरमा रहेर तुलनात्मक अध्ययन गरिएको छ । जसमा यी दुई भाषाबीचमा रहेका व्याकरणिक व्यवस्थाका भेदहरू पनि थाहा पाउन सकिन्छ ।

प्रस्तुत अध्ययनले विशेषगरी चाम्लिङ भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहनेहरूलाई, मातृभाषामा शिक्षण गर्ने शिक्षकहरूलाई भाषाप्रति जानकारी राख्न चाहने

भाषाप्रेमी तथा चाम्लिङभाषीका आम पाठकहरूका लागि समेत उपयोगी हुने देखिन्छ । त्यस्तै पाठयक्रम निर्माता, पाठयवस्तु निर्माता र विषय शिक्षकका लागि यो बढी महत्त्वपूर्ण रहेको छ । यस अध्ययनभन्दा अगाडि त्रुटिविश्लेषणसँग सम्बन्धी धेरै अध्ययन अनुसन्धान भए पनि चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिको खासै अध्ययन अनुसन्धान नभएकोले पनि यो अनुसन्धान गर्नु महत्त्वपूर्ण मानिन्छ ।

## १.६ अध्ययनको परिसीमा

शोधकार्य एउटा गहन कार्य हो । यस कार्य गर्दा सबै क्षेत्रको अध्ययन गर्न कठिन हुने भएकाले एउटा सीमित क्षेत्रको छनोट गर्नु आवश्यक हुन्छ । प्रस्तुत शोधकार्यका लागि खोटाङ जिल्लामा पर्ने हलेसी तुवाचुङ नगरपालिकालाई एउटा क्षेत्रका रूपमा छनोट गरिएको छ ।कक्षा ८ मा अध्ययनरत चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटि शीर्षकमा रहेर शोधकार्य गरिएको छ । उक्त नगरपालिकाका विद्यालयहरूश्री कालिका  नि.मा.वि. हलेसी, गैरीगुठ, श्री महेन्द्रदय मा.वि. हलेसी, श्री बुलापन्थे मा.वि. धितुङ, श्री दुर्छिम मा.वि. दुर्छिम र श्री लक्ष्मी निमा.वि. हैदे गरी जम्मा ५ ओटा सामुदायिक विद्यालयका कक्षा ८ मा अध्ययरत ८० जना चाम्लिङभाषी विद्यार्थीहरूलाई लिइएको छ । त्यस्तै प्रस्तुत शोधकार्य नेपाली वाक्यगठनमा लिङ्ग, वचन, पुरुष र आदरमा हुने त्रुटिहरूको अध्ययनमा केन्द्रित छ ।

# परिच्छेदः दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

भाषाशिक्षणका क्रममा विद्यार्थीले के कस्ता प्रकृतिका त्रुटिहरू के कारणबाट गर्दछन् भनी अध्ययन एवम् विश्लेषण गर्ने कार्यलाई त्रुटि विश्लेषण भनिन्छ । भाषा सिकाइका क्रममा विद्यार्थीहरूले विभिन्न त्रुटिहरू गर्ने गर्दछन् । ती त्रुटिहरूकै कारणबाट भाषा सिकाइमा शुद्धता ल्याउन सहयोग पुग्ने गर्दछ । चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिहरूको अध्ययन शीर्षकमा शोधकार्य तयार गरिएको छ । यस अध्ययनका लागि सैद्धान्तिक साहित्यको अध्ययन गर्न आवश्यक देखिन्छ । यस अध्ययनले अब अनुसन्धान गर्न लागिएका शोधकार्यलाई सहयोग पुग्ने देखिन्छ ।

भाषा सिकाइका सन्दर्भमा सिकारुका अभिव्यक्तिमा पाइने त्रुटिहरूको अध्ययनले त उसको भाषा विकास प्रक्रियाका अवस्थाको जानकारी दिलाउछ । भाषा विकास प्रक्रियाको ज्ञान पहिलो वा मातृभाषामा मात्र नभई दोस्रो वा अन्य भाषा सिकाइमा पनि हुनु आवश्यक हुन्छ । सिकारुले सिक्न लागेका जुनसुकै भाषाको सिकाइ प्रक्रियाको अध्ययन पनि महत्वपूर्ण हुने कुरालाई सबैले स्वीकार गर्नुपर्दछ । त्रुटिविश्लेषणलाई भाषिक विश्लेषणको एउटा प्रकार मानिन्छ । जसले सिकारुले गर्ने त्रुटिलाई जोड दिएको हुन्छ । सिकारुले भाषिक सामर्थ्य कुन तहसम्म प्राप्त गर्न सकेको छ सो कुरा उसले गरेका त्रुटिहरूको अध्ययनबाट व्यवस्थित ढङ्गले झल्किन्छ । त्यसैले प्रायोगिक भाषाविज्ञानका क्षेत्रमा त्रुटिलाई विदेशी भाषा सिकारुले नियमित तथाव्यवस्थित रूपमा प्रयोग गर्ने भाषाको प्रवृत्तिका रूपमा लिइन्छ (भण्डारी, २०६८:१३७) ।

भाषिक अध्ययनको क्षेत्रमा व्यतिरेकी विश्लेषणभन्दा पछाडि आएर त्रुटिविश्लेषण पद्धतिको विकास भएको पाइन्छ । व्यतिरेकी विश्लेषण अन्तर्गत दोस्रो भाषाको सिकाइमा हुने त्रुटिहरूको अध्ययन हुन थालेपछि प्रायोगिक भाषाविज्ञानको छुट्टै शाखाको रूपमा त्रुटिविश्लेषणको अध्ययन भएको पाइन्छ । विशेष गरी दोस्रो भाषा सिकाइका क्रममा हुने त्रुटिहरूको अध्ययनबाट प्रारम्भ भएको त्रुटिको अध्ययन हिजोआज विस्तारै व्यवस्थित र सङ्गठित हुँदै आएको पाइन्छ । यसले भाषा सिकाइका क्रममा सिकारुहरूले गर्ने त्रुटिहरूको अध्ययन गर्छ । सिकारुले पहिलो भाषाको सिकाइमा पनि त्रुटिहरू गर्छ तर यसलाई दोस्रो भाषा

सिकाइको सन्दर्भमा हुने त्रुटिहरूको अध्ययनमा बढी मात्रामा केन्द्रित गरिएको छ (न्यौपाने र अन्य, २०६९) ।

त्रुटिविश्लेषणबाट सिकारुको भाषा सिकाइको स्वाभाविक प्रक्रियाका रूपमा जानकारी लिन सकिन्छ । दोस्रो भाषा सिक्ने विद्यार्थीहरूका लागि बढी उपयुक्त हुने गरी अवधारणा अघि सारिएको भएपनि पहिलो भाषाको सिकाइमा समेत त्रुटि हुने गरेको पाइन्छ । त्रुटि गर्दै सच्याउँदै गएर अन्त्यमा भाषिक सीपलाई प्राप्त गर्न सकिने भएकाले यसबाट सिकाइका प्रवृत्तिको बोध गर्न सकिन्छ । सिकारुका खास भाषा विकासमा प्रक्रियाको अध्ययन गर्न, भाषा सिकाइका क्रममा सिकारुले गर्ने त्रुटिका बारेमा जानकारी लिन व्यतिरेकी विश्लेषणले अगाडि सारेका दोस्रो भाषा सिकाइसँग सम्बन्धित कठिनाइहरूको पूर्वानुमानलाई प्रमाणीकरण वा अप्रमाणीकरण गर्न, शिक्षकले आफ्नो शैक्षणिक प्रक्रियामा सुधार गर्न तथा उपयुक्त शैक्षिक योग्यता तयार पार्नका साथै शैक्षिक कार्यका लागि आवश्यक शैक्षिक सामग्री तथा अभ्यास सामग्रीको निर्माण गरी शैक्षणिक कार्यलाई सफलतापूर्वक अगाडि बढाउन त्रुटि विश्लेषणको महत्त्व रहेको देखिन्छ (२०७४:१२०) ।

प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम शीर्षकको पुस्तकमा 'त्रुटिविश्लेषण' शीर्षकको एक एकाइ तयार पारिएको छ । यस एकाइमा त्रुटि विश्लेषणको सैद्धान्तिक अवधारणा त्रुटि र अन्तर्भाषा, त्रुटिका क्षेत्र र त्रुटिहरूको वर्गीकरण त्रुटि विश्लेषण प्रक्रिया, त्रुटिको पहिचान र सामग्री सङ्कलन त्रुटिको व्याख्या/वर्णन त्रुटिको निराकरण, त्रुटिविश्लेषण र भाषा शिक्षण उपशीर्षकहरूमा व्याख्या गरिएको छ (पौडेल, २०६९ : १९८) ।

व्यतिरेकी विश्लेषणभन्दा पछाडि त्रुटि विश्लेषण पद्धतिको विकास भएको देखिन्छ । व्यतिरेकी विश्लेषणले दोस्रो भाषाको सिकाइमा हुने त्रुटिहरूको अध्ययन गर्न थालेपछि प्रायोगिक भाषाविज्ञानको छुट्टै शाखाका रूपमा यसको विकास भएको पाइन्छ । यसले भाषा सिकाइका क्रममा सिकारूहरूले गर्ने त्रुटिहरूको अध्ययन गर्दछ । सिकारूले पहिलो भाषाको सिकाइमा पनि त्रुटि गर्छ तर यसलाई दोस्रो भाषाको सिकाइका सन्दर्भमा हुने त्रुटिहरूको अध्ययनमा बढी केन्द्रित गरिएको छ (न्यौपाने र अन्य २०६९ : २१) ।

त्रुटिविश्लेषण सन् १९६० को दशकतिर व्यवहारवादी सिद्धान्तको भाषा सिकाइमा आधारित भएर अगाडि बढ्न थालेको पाइन्छ । दोस्रो भाषा सिकाइका कठिनाइहरू के हुन सक्छन् र तिनको निदान कसरी हुन सक्छ भन्ने सन्दर्भको खोजी नै त्रुटि विश्लेषणको मुख्य

उद्देश्य हो (पौडेल, २०६९ : १९८) । भाषा सिकाइका क्रममा सिकाइको अभिव्यक्तिमा पाइने त्रुटिहरूको अध्ययनले खासगरी उसको भाषा विकास प्रक्रियाको बारेमा ज्ञान दिलाउन प्रभावकारी भूमिका निर्वाह गरेको हुन्छ ।

त्रुटि विश्लेषणले भाषा सिकाइमा देखिने सिकारुका त्रुटिहरूलाई सिकाइका विकासात्मक सङ्केत मान्न सकिन्छ । त्रुटिले नै सिकाइ प्रक्रियामा के कस्तो सुधार ल्याउन सकिन्छ तथा शिक्षकलाई विद्यार्थीको भाषिक त्रुटि पत्ता लगाउन र विद्यार्थीहरूको भाषिक शुद्धतामा निखार ल्याउन सहयोग पुऱ्याउने गर्दछ ।सैद्धान्तिक साहित्य पुनरवलोकनको अध्ययन गरी चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन शीर्षकमा यस शोधकार्य तयार गरिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

कुनै पनि शोधकार्यको सुरुवात गर्नुभन्दा अगाडि त्यससँग सम्बन्धित पुस्तकहरू र अनुसन्धान गरेका पाठ्यपुस्तकहरूको अध्ययन गर्नु आवश्यक हुन्छ किनभने पूर्वकार्यको अध्ययन अनुसन्धानले वर्तमानमा गर्न लागेको शोधकार्यलाई सहयोग पुऱ्याउँदछ । त्रुटिसँग सम्बन्धित रहेर यसभन्दा अगाडि धेरै शोधकार्यहरू भएका छन् । यहाँ वाक्यगठनसँग सम्बन्धित केही त्रुटिहरूको अध्ययनसँग सम्बन्धित पूर्वकार्यको अध्ययन गरिएको छ ।

शर्मा (२०४२) द्वारा **माध्यमिक तहका अवधीभाषी विद्यार्थीहरूले नेपाली वाक्यहरूको लेखनमा गर्ने पदसङ्गति सम्बन्धी त्रुटिहरूको अध्ययन** एक अनुसन्धान प्रस्तुत गरिएको छ । उक्त लघु अनुसन्धानको प्रमुख उद्देश्य माध्यमिक तहमा अध्ययनरत अवधिभाषी विद्यार्थीहरूले नेपाली वाक्य लेखनमा गर्ने पदसङ्गति सम्बन्धी विश्लेषण गर्नु रहेका छन् । यस अध्ययनमा बाँके र बर्दिया जिल्लाका सात ओटा विद्यालयहरूमा अध्ययनरत छात्रछात्राहरूलाई जनसङ्ख्या मानिएको छ । बाँके जिल्लाका चारओटा १०/१० जना गरी जम्मा ७० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको पाइन्छ ।

प्रस्तुत अध्ययनका लागि उत्पादनात्मक र पहिचानात्मक गरी दुई खाले प्रश्नहरूको निर्माण गरिएको भेटिन्छ । प्रश्नहरू लिङ्ग, वचन, पुरुष र आदरार्थीका सन्दर्भमा प्रयोग हुने विशेषण, भेदक र क्रियापदका त्रुटिहरू पनि देख्न सक्ने गरी बनाइएको पाइन्छ । ती विद्यार्थीहरूलाई उक्त प्रश्नहरू उपलब्ध गराई उत्तर पुस्तिकाहरू परीक्षण गरी तिनकै आधारमा

त्रुटिहरू विश्लेषण गरिएको छ । त्यसैगरी नै उक्त अनुसन्धानमा पदसङ्गति अन्तर्गत उद्देश्य र विद्येय, विशेष्य र विशेषण, कर्ता र क्रियापदबीचको सङ्गतिलाई लिङ्ग, वचन, पुरुष र आदरमा विश्लेषण गरिएको छ ।

के.सी. (२०५५) द्वारा **सुर्खेत जिल्लाका कक्षा पाँच उत्तीर्ण मगरभाषी विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन** रहेको छ । प्रस्तुत शोधकार्य एम.एड.दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका निम्ति तयार पारिएको हो । कविताको सस्वरपठन, शब्दोच्चारण, वाक्यगठन र वर्णविन्यासमा विद्यार्थीहरूले गर्ने त्रुटिहरू पत्ता लगाउने, त्रुटिहरूको तुलनात्मक अध्ययन विश्लेषण गर्ने र प्राप्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्ने मुख्य उद्देश्यमा यो शोधकार्य केन्द्रित रहेको देखिन्छ । यसमा प्रयोगात्मक क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित यस शोधकार्यका लागि प्रतिनिधि नमुना छनोटका रूपमा सुर्खेत जिल्लाको सदरमुकाम क्षेत्रका विद्यालय सदरमुकाम नजिकका विद्यालय र ग्रामीण क्षेत्रका विद्यालयहरू गरी जम्मा तीन ओटा विद्यालयका २०-२० जना विद्यार्थीहरूबाट नमुना सङ्कलन/सामग्री सङ्कलन गरिएको छ । नमुना छनोटगर्दा मगर मातृभाषी र नेपाली मातृभाषी छात्र/छात्राको समानुपातिक प्रतिनिधित्व गरिएको देखिन्छ ।

सापकोटा (२०५५) द्वारा **पर्वत जिल्लाको दक्षिण भेगमा मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकमा एक लघुअनुसन्धान भएको छ । यस अध्ययनले भाषा सिकाइमा हुने त्रुटि तथा वाक्यगठनमा सम्बन्धित सैद्धान्तिक चर्चा गर्नका लागि कक्षा आठमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाइ ती मगरभाषी विद्यार्थीहरूमा गरिने त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्ने तथा त्रुटि निराकरणात्मक शिक्षणका लागि सुझाव दिने प्रमुख उद्देश्य राखिएको देखिन्छ । यस शोधकार्यका लागि पर्वत जिल्लाका दक्षिण भेगमा बसोबास गर्ने मगरभाषी विद्यार्थीहरूलाई सामग्री सङ्कलनका प्रमुख आधार बनाइएको छ । यस आधारमा यस शोधमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको देखिन्छ । यस अध्ययनले विद्यार्थीहरूको लेखन अभिव्यक्ति परीक्षण गर्दा शिक्षार्थीले सबैभन्दा बढी त्रुटि वचनमा ४५.६ प्रतिशत कारकमा २० प्रतिशत र भाव तथा पक्षमा ४ प्रतिशत त्रुटि रहेको निष्कर्ष निकालिएको छ ।

गौतम (२०५६) द्वारा **कक्षा पाँच पूरा गरेका राजवंशीभाषी विद्यार्थीहरूले गर्ने त्रुटिहरूको विश्लेषण** शीर्षकमा एक लघु अनुसन्धान प्रस्तुत गरिएको छ । यस अध्ययन

विश्लेषणका उद्देश्यहरूमा वाक्यगठन लिङ्ग, वचन, पुरुष र आदरका आधारमा पदसङ्गतिमा त्रुटिको विश्लेषण गर्नु वर्णविन्यासमा विद्यार्थीहरूले गर्ने त्रुटिहरू पत्ता लगाउनु, उक्त अध्ययनको निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्नु आदि रहेका छन् ।

प्रस्तुत शोधमा प्रयोगात्मक प्रकृतिको क्षेत्रीय सामग्री सङ्कलन विधिको उपयोग गरी मोरङको दक्षिण-पूर्व भेगको १० ओटा विद्यालयका १०० जना विद्यार्थीबाट नमुना सङ्कलन गरिएको पाइन्छ ।

मिश्र (२०५६) द्वारा **'कक्षा पाँच उत्तीर्ण थारुभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकको शोध प्रस्तुत छ । उक्त शोधको प्रमुख उद्देश्य कक्षा पाँच उत्तीर्ण थारुभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, उक्त विद्यार्थीहरूले वाक्यगठन अन्तर्गत सबैभन्दा बढी त्रुटि गर्ने क्षेत्र पहिचान गर्नुका साथै नगर र ग्रामीण क्षेत्रका विद्यार्थीहरूले गर्ने त्रुटिमा पाइने भिन्नता पत्ता लगाउनु रहेको छ । थारुभाषी विद्यार्थी वाक्यगठन अन्तर्गत लिङ्ग, वचन, पुरुष र आदर गरी ४ तत्त्व समावेश गर्दै प्रश्नावली सोहीअनुसार स्थलगत अध्ययन विधिद्वारा गरिएको छ । त्रुटिका सम्बन्धमा धेरै अध्ययन अनुसन्धान भए पनि वाक्यगठनमा धिमालभाषी विद्यार्थीले गर्ने त्रुटिका सम्बन्धमा भने खासै धेरै अनुसन्धान भएको पाइदैन । तसर्थ धिमालभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनको सन्दर्भमा के-कस्ता त्रुटिहरू गर्छन, सोको अध्ययन गर्नु आवश्यक देखेको छु ।

लिम्बू (२०६१) द्वारा **कक्षा ५ मा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा पदसङ्गतिमा गर्ने त्रुटिहरूको विश्लेषण** शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । यस अध्ययनमा झापा जिल्लाका २० ओटा विद्यालयमा कक्षा ५ मा अध्ययनरत प्रत्येक विद्यालयका १०-१० जना विद्यार्थीहरूको नमुना छनोट गरी सामग्री सङ्कलन गरिएको छ । उक्त विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा पदसङ्गतिगत कर्ता र क्रियाबीच नाम र सर्वनामबीच विशेष्य र विशेषणबीचमा गर्ने त्रुटिहरूको अध्ययन गरिएको छ । क्षेत्रीय अध्ययन विधिमा आधारित रहेर सामग्री सङ्कलन गरिएको उक्त अध्ययनमा विद्यार्थीहरूलाई विभिन्न विषय तथा शीर्षकमा बोल्न तथा लेख्न लगाइ उनीहरूले पदसङ्गतिमा गर्ने सबैखाले त्रुटिहरूलाई पहिचान तथा सङ्कलन गरी व्याख्या विश्लेषण पद्धतिद्वारा निष्कर्षमा पुगिएको छ ।

खत्री (२०६२) द्वारा **कक्षा ८ मा उत्तीर्ण भुटानी शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले स्तरीय नेपाली लेखनमा गर्ने त्रुटिको अध्ययन** शीर्षकमा एक शोधपत्र प्रस्तुत

गरिएको छ । दार्चुलेली भाषिमा हुने विद्यार्थीहरूले मानक नेपाली भाषा सिक्दा गर्ने उच्चारणगत त्रुटि क्षेत्र पहिल्याउने उक्त त्रुटिहरूको वर्णन र विश्लेषण गर्दै त्रुटिको तालिकीकरण गरी प्रतिशत निर्धारण गर्ने मुख्य उद्देश्यमा यो अध्ययन केन्द्रित छ । दार्चुला जिल्लाका ग्रामीण क्षेत्रभित्र पर्ने चार ओटा विद्यालयका कक्षा ५ मा अध्ययनरत १०/१० जनाविद्यार्थीहरूको प्रतिनिधित्व छनोट गरी तिनीहरूबाट प्राप्त शब्दहरूको विश्लेषण यसमा गरिएको छ ।

उक्त अध्ययनले घोषत्व, प्राणत्व, भाषिकगत, अनुनासिक संयुक्त शब्दसम्बन्धी उच्चारणगत त्रुटिहरूको वर्गीकरण तालिकीकरणको विश्लेषण गरी निष्कर्ष निकालिएको छ । उक्त अध्ययनले त्रुटि विश्लेषणमा उच्चारणसम्बन्धी त्रुटिको अध्ययन गरेको हुनाले अध्ययन अझ महत्त्वपूर्ण बनेको छ । तुलनात्मक रूपमा हेर्दा उच्चारणगत त्रुटिको अध्ययन कम भएको पाइन्छ । अर्कोतिर यो अध्ययन नेपाली भाषालाई दोस्रो भाषाको रूपमा सिक्ने विद्यार्थीहरूको त्रुटिहरूको अध्ययन नभएर नेपाली भाषिकाको एक भाषिकाको प्रभावमा हुने उच्चारणगत त्रुटिको अध्ययन भएकाले भाषामा भाषिकागत प्रभाव अध्ययनमा महत्त्वपूर्ण छ । यस अध्ययनले त्रुटिविश्लेषणको समग्र पक्षलाई समेट्न नसकेपनि नेपाली त्रुटि विश्लेषणमा यो विशेष उपयोगी र महत्त्वपूर्ण रहेको देखिन्छ ।

खनाल (२०६५) द्वारा **'मोरङ जिल्लाका कक्षा ८ मा अध्ययनरत थारुभाषी विद्यार्थीहरूले गर्ने वर्णविन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन'** शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस शोधका उद्देश्यहरूमा कक्षा ८ मा अध्ययनरत थारुभाषी विद्यार्थीले गर्ने वर्णविन्यास सम्बन्धी त्रुटिहरू पहिल्याउनु, उनिहरूले गर्ने वर्णविन्यासगत त्रुटिहरूको वर्गीकरण गर्नु र ती त्रुटिहरूको निराकरणका लागि सुझाव प्रस्तुत गर्नु रहेका छन् । यस अध्ययनका लागि स्रोत सामग्री सङ्कलन गर्न मोरङ जिल्लाका थलाहा मोतिपुर र बनिगामा गा.वि.स.का ३ ओटा विद्यालयका २०/२० जना थारुभाषाको पृष्ठभूमि भएको ६० जना विद्यार्थीलाई नमुनाका रूपमा लिइएको थियो । विद्यार्थीलाई विभिन्न प्रश्नावली दिएर लिखित उत्तर लेख्न लगाइ सोको परीक्षण गरेर यस शोधपत्रको सामग्री सङ्कलन गरिएको थियो । उक्त शोधको निष्कर्षका रूपमा ५९.५% विद्यार्थीहरूले लेख्य चिन्हको प्रयोगमा त्रुटि गरेको पाइयो ।

राई (२०६६) द्वारा **भोजपुर जिल्लाका दक्षिण पश्चिमा भेगका कक्षा ६ मा अध्ययनरत वान्तावा (राई) मातृभाषी विद्यार्थीले स्तरीय नेपाली सिक्दा पदसङ्गतिमा गर्ने त्रुटिहरूको**

**अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको छ । यसको मुख्य उद्देश्य भनेको भोजपुर जिल्लाका दक्षिण पश्चिमी भेगका कक्षा ६ मा अध्ययनरत वान्तावा राई मातृभाषी विद्यार्थीले स्तरीय नेपाली सिक्दा पदसङ्गतिमा गर्ने त्रुटिहरू पत्ता लगाउनु रहेको छ । यस शोधपत्रमा भोजपुर जिल्लाका दक्षिण पश्चिम भेगका ५ ओटा गा.वि.स.हरू क्रमश : बासीखोरा, युँ थिदिखा, देवानटार र बालंखामा अवस्थित पाँच ओटा सामुदायिक विद्यालयका कक्षा ६ मा अध्ययनरत वान्तावा राई मातृभाषा भएका ५० जना विद्यार्थीको प्रतिनिधित्व गराइएको छ । यस शोधपत्रमा वान्तावा राई मातृभाषी विद्यार्थीहरूलाई पहिचानात्मक (वस्तुगत) र उत्पादनात्मक (विषयगत) प्रश्नहरूको उत्तर लेख्न लगाएर सामग्री सङ्कलन गरिएको छ । यसमा पदसङ्गति अनुसार लिङ्ग सङ्गतिगत त्रुटि, वचन सङ्गतिगत त्रुटि, पुरुषसङ्गतिगत त्रुटि र आदरसङ्गतिगत त्रुटिको वर्णन विश्लेषण गरिएको छ । विद्यार्थीहरूले अन्यका तुलनामा पुरुषसङ्गतिमा सबैभन्दा बढी ९८ प्रतिशत त्रुटि गरेको निष्कर्ष निकालिएको छ ।

रेग्मी (२०६६) द्वारा **कक्षा ६ मा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको छ । यस शोधपत्रमा पाँचथर र धनकुटा जिल्लामा कक्षा ६ मा अध्ययनरत पाँचथर सामुदायिक विद्यालयका ७५ जना लिम्बूभाषी विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । यस शोधपत्रमा वाक्यगठन अन्तर्गत लिङ्ग, वचन, पुरुष र आदर सम्बन्धी अत्यावश्यक सूचना लिनका लागि वस्तुगत प्रश्न अनुवाद संक्षिप्त उत्तरात्मक प्रश्न र स्वतन्त्रलेखन गरी चार किसिमका छुट्टाछुट्टै प्रश्नावलीहरू तयार पारिएको थियो । यस अध्ययनको मुख्य उद्देश्य पाँचथर र धनकुटा जिल्लाका कक्षा ६ मा अध्ययनरत लिम्बूभाषी विद्यार्थीले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउनु रहेको छ । यसमा वाक्यगठन अन्तर्गत लिङ्गका आधारमा वचनका आधारमा, पुरुषका आधारमा र आदरका आधारमा गर्ने पदसङ्गतिसम्बन्धी त्रुटिहरूको पहिचान गरी वर्णन र विश्लेषण गरिएको छ । यस अध्ययनमा लिम्बूभाषी विद्यार्थीले लिङ्ग, वचन, पुरुष र आदरमध्ये वचनमा बढी त्रुटि गरेको निष्कर्ष निकालिएको छ ।

गेलाल (२०६७) द्वारा **सुनसरेली थारु भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण** शीर्षकको एक शोधकार्य गरिएको छ । यस अध्ययनको उद्देश्य सुनसरी जिल्लामा बसोबास गर्ने थारु जातिले बोल्ने थारु भाषाकारूपायनिक कोटिहरूलाई नेपाली भाषाका रूपायनिक कोटिका आधारमा सुनसरेली थारु भाषिका र नेपाली भाषामा पाइने समानता र

भिन्नताको खोजी गर्दै सुनसरेली थारुभाषालाई दोस्रो भाषाका रूपमा नेपाली सिक्दा आइपर्ने कठिनाइहरूको खोजी गर्नु रहेको छ । वर्णनात्मक र तुलनात्मक पद्धति साथै पुस्तकालयीय विधिको समेत प्रयोग गरी अध्ययन गरिएको छ । यस अध्ययनमा सुनसरेली थारु भाषिका र स्तरीय नेपाली भाषाको लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, ध्रुवीयता र कारक जस्ता रूपायनिक कोटिका आधारमा व्यतिरेकी विश्लेषण गरिएको छ । यसमा विकारी वर्ग अन्तर्गत रूप चल्ने नाम, सर्वनाम, विशेषण क्रियाको रूपायन प्रस्तुत गरिएको छ । यी दुवै भाषामा नामको लिङ्ग, वचन, कारक र आदर जस्तारूपायनिक कोटिहरूका आधारमा रूपायन गरिएको छ । यस अध्ययनको रूपायनिक कोटिहरूलाई भने राम्ररी केलाएको भएपनि व्याकरणका सम्पूर्ण क्षेत्र हेर्न सकेको पाइदैन ।

खड्का (२०६८) द्वारा **रूपायनिक कोटिका आधारमा लिम्बू र नेपाली भाषाको व्यतिरेकी अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको छ । यस शोधपत्रको उद्देश्य रूपायनिक कोटिका आधारमा नेपाली र लिम्बूभाषाको व्यतिरेकी अध्ययन गरी तिनिहरूबीचका समानता र भिन्नता पहिल्याउनु रहेको छ । साथै नेपाली भाषा र लिम्बूभाषाको स्वरूप निर्धारण गर्नु पनि यस शोधपत्रको उद्देश्य रहेको छ । यस शोधपत्रका लागि सामग्री सङ्कलनको मुख्य स्रोतका रूपमा तेह्रथुम जिल्लाको फेदाप क्षेत्रमा बसोबास गर्ने लिम्बूभाषी मूल वक्तालाई लिइएको छ । नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा नेपाली भाषामै प्रश्नहरू तयार गरी सम्बन्धित क्षेत्रका लिम्बूमातृभाषी शिक्षक विद्यार्थी र बूढापाकाहरूलाई लिम्बू भाषामा उल्था गर्न लगाइएको छ । सो सामग्रीको सत्यपनका लागि सम्बन्धित भाषाका विशेषज्ञहरूलाई रुजुसमेत गर्न लगाइएको छ । यसका अलवा कतिपय अवस्थामा सम्बन्धीत भाषाका पुस्तकहरू र लिम्बू भाषासम्बन्धी शोधपत्र समेतको सहयोग लिइएको पाइयो । यस शोधपत्रमा मूलत : तुलनात्मक विधि र पुस्तकालयीय विधिको उपयोग गरिएको छ । नेपाली भाषा र लिम्बूभाषाको तुलना गर्दा विशेषत : लिङ्ग, वचन, पुरुष र आदर जस्ता व्याकरणिक कोटिमा बढी त्रुटिहरू देखा परेका र यस्तो हुनुको मुख्य कारण नेपाली भाषा र लिम्बूभाषाको भाषिक संरचनामा भएको असमानता हो भन्ने निष्कर्ष निकालिएको छ ।

पोखरेल (२०६९) "**कक्षा सातमा अध्ययनरत सतारभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन**" शीर्षकको शोध प्रस्तुत् गरिएको छ । नेपाली भाषाको विशेषण विशेष्य अनि भेदक र भेद्य दुवै पदमा विभेद पाइएतापनि लिङ्ग, वचन, पुरुषमा खासै

विभेद पाइदैन । आदरका दृष्टिले सतारभाषामा सामान्यतया नाम, सर्वनाम, लिङ्ग र विशेषणमा भने विभेद पाइन्छ यी सबै माथि गरिएका अध्ययन विश्लेषणका आधारमा लिङ्ग, वचन, पुरुष र आदरका दृष्टिले दुवै भाषाहरूको वाक्यगठनमा धेरै भिन्नता रहेकाले सतारभाषी विद्यार्थीहरूले लक्ष्य भाषाका रूपमा नेपाली सिक्दा धेरै त्रुटि गर्ने सम्भावना रहेको कुरा प्रस्तुत गरिएको छ ।

ओली (२०७२) द्वारा **"कक्षा ९ मा अध्ययनरत राजवंशीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दापदसङ्गतिमा गर्ने त्रुटिहरूको अध्ययन"** शीर्षकमा शोधकार्य तयार गरिएको छ । राजवंशीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको पदसङ्गतीमा लिङ्गगत त्रुटिमा स्त्रीलिङ्गी विशेष्यका साथमा पुलिङ्गी क्रियापदको प्रयोग, वचनगत त्रुटिमा बहुवचन विशेष्यका साथमा एकवचन विशेषण र बहुवचन कर्ताका साथमा एकवचन क्रियापदको प्रयोग लगायत आदरगत त्रुटिहरू उच्च आदरार्थी कर्ताका साथमा अनादरार्थी र मध्यम आदरार्थी क्रियापदको प्रयोग गर्ने जस्ता कुरा प्रस्तुत गरेका छन् । पदसङ्गतिमा पहिलो भाषाका प्रभावले दोस्रो भाषा सिक्न कठिन र धेरै त्रुटि हुने कुरा प्रस्तुत गरिएका छन् ।

थापा (२०७३) **"कक्षा ६ मा अध्ययनरत मोरङिया थारुभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन"** यसमा भाषा सिकाइमा हुने त्रुटि सम्बन्धमा विद्यार्थीहरूबाट नेपाली वाकयगठनसँग सम्बन्धित गरिने त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्ने र त्रुटि निराकरणात्मक शिक्षणको लागि सुझाव दिने जस्ता उद्देश्यमा यो शोधकार्य केन्द्रित रहेको छ । यस शोधमा क्षेत्रीय सामग्री सङ्कलन विधि र आंशिक रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यस अध्ययनको निष्कर्षले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिक्दा के कस्ता त्रुटिहरू हुन्छन् भन्ने कुराको पत्ता लगाउने प्रयास यस शोधपत्रमा गरिएको छ ।

पौडेल (२०७३) **"कक्षा ६ मा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटि"** शीर्षकमा रहेर शोधपत्र तयार गरिएको छ । उक्त अध्ययन नेपाली भाषाको वाक्यगठनमा लिङ्ग, वचन, पुरुष र आदरमागर्ने त्रुटिहरू पहिचान गरी त्रुटिहरूको वर्गीकरण गरेर, कारणहरू पत्ता लगाई निराकरणका उपायहरू पत्ता लगाउने प्रयास गरिएको छ ।

यस सम्बन्धित साहित्यको पुनरवलोकनले अब शोध गर्न लागिएको चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठन गर्दा गर्ने त्रुटिहरूको अनुसन्धान कार्यमा सहयोग

पुऱ्याउने गर्दछ । नेपाली वाक्यगठन गर्दा गरेका लिङ्गगत, वचनगत, पुरुषगत, आदरगत त्रुटि र ती त्रुटि हुनका कारणहरू पत्तालगाउन र निराकरणका उपायहरूको खोज गर्नमा केन्द्रित रहेकोछ । दोस्रो भाषाका रूपमा नेपाली बोल्न र सिक्ने सिकारुहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिका कारण चाम्लिङभाषी विद्यार्थीहरूको मातृभाषाको प्रभावलाई लिन सकिन्छ । यसका साथै नियमित अध्ययन तथा अभ्यासको कमी हुनु, पढ्ने वातावरण नमिल्नु, आर्थिक अवस्था कमजोर भएका कारण विद्यालय जान नपाउनु, विद्यालय टाढा हुनु, ठाउँ विकट हुनु जस्ता कारणले गर्दा यस्ता त्रुटिहरू हुने गर्दछ ।

## २.३ पुनरवलोकनको उपादेयता

चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन शीर्षकमा रहेर गरिएको छ । यस कार्य गर्नुभन्दा अगाडि यस शीर्षकसँग मिल्दा जुल्दा पाठ्यपुस्तक, शोधपत्र लगायत सम्बन्धित सहित्यको अध्ययन गर्नु आवश्यक हुने गर्दछ । ती अध्ययनहरूले प्रस्तुत शोधकार्यलाई निष्कर्षमा पुऱ्याउन सहयोग पुग्ने देखिन्छ ।


प्रस्तुत शोधको उद्देश्य कक्षा ६ मा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरू पत्ता लगाउनु ती विद्यार्थीहरूले वाक्यगठनमा सबैभन्दा बढी गर्ने त्रुटिहरूको पहिचान विद्यार्थीहरूले गरेका त्रुटि, त्रुटि गर्ने कारण पत्ता लगाउनु रहेका छन् । क्षेत्रीय अध्ययन सामग्री सङ्कलन र पुस्तकालयीय विधिको प्रयोग गरिएका छन् । कक्षा सातमा अध्ययनरत मोरङिया थारुभाषी विद्यार्थीहरूले पदसङ्गतिमा गर्ने त्रुटिको अध्ययन शीर्षक रहेका छन् । ती विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा सामग्री सङ्कलनका लागि पदसङ्गतिमा लिङ्ग, वचन, पुरुष र आदरका आधारमा प्रश्नावली तयार गरी परीक्षा लिइएका छन् र ती उत्तर पुस्तिकाबाट प्राप्त भएका नतिजाका आधारमा व्याख्या विश्लेषण गरिएका छन् । यस अध्ययन विश्लेषणका उद्देश्यमा पदसङ्गतिमा लिङ्ग, वचन, पुरुष र आदरका आधारमा त्रुटिका विश्लेषण गर्नु, त्रुटि हुनुको कारणहरू र निराकरणका उपायहरू पत्ता लगाइ सुझाव प्रस्तुत गर्नु रहेका छन् । उक्त कक्षा छ मा अध्ययनरत मोरङ्िया थारुभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको तुलनात्मक विश्लेषण गर्ने र त्रुटि निराकरणात्मक शिक्षणका लागि सुझाव दिनुजस्ता उद्देश्यमा यो शोधकार्य केन्द्रित रहेका छन् ।

यस शोधकार्यमा जे जति साहित्यको अध्ययन तथा अनुसन्धान गरियो उक्त अनुसन्धानले यस शोधकार्य गर्नका लागि ठूलो सहयोग पुऱ्याइएको छ । विभिन्न क्षेत्रअर्न्तगत

रहेर गरिएको अनुसन्धान कार्यका बारेमा ज्ञान दिनुका साथै यस अध्ययनले यस क्षेत्रमा अध्ययन गर्न चाहने चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिका सम्बन्धमा गरिने अध्ययन तथा अनुसन्धानका लागि यो पुस्तक सहयोगी पुस्तक बन्ने देखिन्छ ।

## २.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा

यस शोधकार्य निम्न अवधारणात्मक ढाँचामा आधारित रहेको छ ।




प्रस्तुत शोधकार्य व्यहारवादी सिद्धान्तमा आधारित रहेर तयार गरिएको छ । कक्षा ८ मा अध्ययनरत चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिहरूको पहिचान लिङ्ग, वचन, पुरुष र आदरका आधारमा गरिएकोछ । यसमा क्षेत्रीय अध्ययन विधि सामग्री सङ्कलन गरी आंशिक रूपमा पुस्तकालयीय विधिको पनि प्रयोग गरिएको छ । ती सामग्री सङ्कलन गरी त्रुटिहरूको वर्गीकरण, कारणहरू पत्ता लगाइ विश्लेषण गरिएको र निराकरणका उपायहरू पत्ता लगाइ निष्कर्ष निकालिइएको छ ।

# परिच्छेद : तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

यस शोधकार्यका लागि नमुना छनोट गरिएका विद्यालयसम्म पुगेर चाम्लिङभाषी विद्यार्थीसँग प्रत्यक्ष सम्पर्क गरी सामग्री सङ्कलन कार्य गरिने भएकाले प्रस्तुत अध्ययनमा क्षेत्र भ्रमण र प्रत्यक्ष अवलोकन जस्ता विधिको उपयोग गरी अध्ययनलाई सफल बनाउने प्रयास गरिएको छ । यसरी क्षेत्रीय अध्ययन सामग्री सङ्कलन विधि र आंशिक रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको । साथै गुणात्मक र विश्लेषणात्मक ढाँचामा यस अनुसन्धान कार्य तयार गरिएको छ । शोधकार्यको अनुसन्धान गर्ने क्रममा त्रुटि पक्षको विशेष अध्ययन गर्ने उद्देश्यले प्रश्नावली निर्माणलाई प्राथमिकता दिइएको छ । आवश्यकता अनुसार सम्बन्धित विषयविज्ञ तथा शिक्षकहरूबाट आवश्यक सुझावहरू लिई शोधपत्र तयार पारिएको छ ।

## ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

प्रस्तुत शोधकार्य तयार पार्ने क्रममा नमुनाका रूपमा खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकाका पाँच ओटा विद्यालयका ८० जना विद्यार्थीहरूलाई जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोटका रूपमा लिइएको छ । उल्लिखित विद्यालयहरूमा हलेसी तुवाचुङ नगरपालिकामा पर्ने श्री कालिका निमा.वि. श्री महेन्द्रोदय मा.वि., श्री बुलापन्थे मा.वि., श्री दुर्छिम मा.वि. र श्री लक्ष्मी निमा.वि. हैदे रहेका छन् । यी पाँच ओटा विद्यालयबाट विद्यार्थीहरू छनोट गर्दा छात्रा छात्रको सङ्ख्या बराबर बनाउने प्रयास गरिएको छ ।

प्रस्तुत शोधकार्यमा नमुना छनोट प्रक्रियामा असम्भाव्य नमुना छनोट विधिको प्रयोग गरिएको छ । असम्भाव्य नमुना छनोट विधिमा पनि निर्णयात्मक नमुना छनोटलाई प्रयोग गरिएको छ । चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिहरूको पहिचानका आधारमा उक्त विद्यार्थीहरूलाई छनोटका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनबाट मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण, कारणहरू पत्ता लगाउन र निराकरणका उपायहरू पत्ता लगाउनु रहेका छन् । उक्त शोधकार्यमा कक्षा ८ मा

अध्ययनरत चाम्लिङभाषी विद्यार्थीहरूले वाक्यगठन गर्दा गर्ने त्रुटिहरूलाई भौगोलिक, जातीय, लैङ्गिक, भाषिकर शैक्षिक विशिष्टताका आधारमा गरिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत शोधकार्य तयार गर्नका लागि खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकालाई भौगोलिक क्षेत्रका रूपमा छनोट गरिएको छ । जसमा हलेसी तुवाचुङ नगरपालिकामा पर्ने विद्यालयहरू श्री कालिका निमा.वि., श्री महेन्द्रोदय मा.वि., श्री बुलापन्थे मा.वि., श्री दुर्छिम मा.वि., र श्री लक्ष्मी निमा.वि.लाई छनोट गरिएको छ । जस अन्तर्गत कक्षा ८ मा अध्ययनरत चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठन गर्दा लिङ्ग, वचन, पुरुष र आदर जस्ता पक्षमा गर्ने त्रुटिको अध्ययन यस शोधको विषयगत क्षेत्र हुन् ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

प्रस्तुत शोधकार्य गर्नका लागि तथ्याङ् सङ्कलनका साधनहरूमा प्रश्नावलीहरू राखिएका छन् । संरचनाका आधारमा संरचित प्रश्नावलीहरू तयार गरिएको छ । शोधकार्य तयार गर्ने क्रममा वाक्यगठन अन्तर्गत लिङ्ग, वचन, पुरुष र आदर सम्बन्धी आवश्यक सूचना लिनका लागि वस्तुगत प्रश्न, अनुवाद सङ्क्षिप्त उत्तरात्मक र स्वतन्त्र लेखन गरी छुट्टा छुट्टै प्रश्नावली तयार गरिएको छ । अनुवादका लागि लिङ्ग, वचन, पुरुष र आदर सम्बन्धी ५/५ ओटा वाक्य पर्ने गरी एक अनुच्छेद नेपाली भाषाबाट चाम्लिङ भाषामा अनुवाद गर्न लगाइएको छ । त्यसैगरी स्वतन्त्रलेखनका लागि राई जातिले मनाउने चण्डि पूर्णिमा (साकेला पर्व) का बारेमा केही वाक्यहरू पनि लेख्न लगाइएको छ । त्यस्ता प्रश्नहरू बनाइ प्रत्येक विद्यालयमा गई छनोट गरिएका विद्यार्थीहरूलाई प्रश्नहरू दिई परीक्षा लिएर उत्तरपुस्तिका परिक्षण गरेर निष्कर्ष निकाल्ने कार्य गरिएको छ । यी शोधमा सामग्री सङ्कलन सम्बन्धित क्षेत्रमा गएर अवलोकन, प्रश्नावली, अन्तर्वार्ता सर्वेक्षण र विभिन्न पुस्तकहरूका माध्यमबाट गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधकार्यको सामग्री सङ्कलन प्रक्रियामा वस्तुगत, विषयगत, अनुवाद र स्वतन्त्रलेखनसम्बन्धी प्रश्नहरू तयार गरी त्यसलाई नै अध्ययनको मूल सामग्रीका रूपमा प्रयोग गरिएको छ । उक्त छनोट गरिएका विद्यालयहरूमा गएर प्रत्येक विद्यालयमा ८ जना

छात्रा ८ जना छात्र गरी जम्मा १६ जना चाम्लिङभाषी विद्यार्थीहरूलाई लिइएको छ । ती विद्यालयमा गई छनोटमा परेका विद्यार्थीहरूलाई परीक्षा लिइएको छ । वस्तुगत, विषयगत, अनुवाद र स्वतन्त्रलेखन उत्तरलाई पनि परिक्षण गरी नमुना छनोटमा परेका विद्यार्थीहरूले वाक्यगठनका कुन कुन पक्षमा त्रुटि गर्ने गर्दछन् भनी परिक्षण गरिएको छ । परीक्षा सम्बन्धित विद्यालयकै परिसरमा रहेर लिइएको छ । सामग्री सङ्कलन प्रक्रियाको क्रममा विभिन्न पुस्तकहरूको पनि अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

प्रस्तुत शोधकार्यमा सम्बन्धित चाम्लिङभाषी विद्यार्थीहरूबाट आएको नतिजाका आधारमा सङ्कलित सामग्रीको व्याख्या तथा विश्लेषणका लागि निम्न प्रक्रियाको अवलम्बन गरिएकोछ । जस अन्तर्गत विद्यार्थीको अभिव्यक्तिमा देखिएका त्रुटिहरूलाई लिङ्ग, वचन, पुरुष र आदरमा विभाजन गरी उदाहरणसहित प्रस्तुत गरिएको छ । उक्त वाक्यगठन गर्दा लिङ्ग, वचन, पुरुष र आदरमध्ये चाम्लिङभाषी विद्यार्थीहरूले सबैभन्दा बढी त्रुटि कुन कुन पक्षमा गरेका छन् ती त्रुटिको क्षेत्र पत्ता लगाउनका लागि प्राप्त प्रतिक्रियामा देखिएका त्रुटिहरूको अध्ययन विश्लेषण गरी त्यसैका आधारमा जुन क्षेत्रमा सबैभन्दा धेरै त्रुटि देखियो त्यही पक्षलाई नै बढी त्रुटिको क्षेत्र मानी निष्कर्ष निकालिएको छ ।

# परिच्छेद : चार

# व्याख्या तथा विश्लेषण

जुन कुनै पनि अध्ययन अनुसन्धान गर्दा नतिजा र छलफलको आवश्यकता पर्दछ। त्यसैले यस अनुसन्धानमा खोटाङ जिल्लाको हलेसीतुवाचुङ नगरपालिकामा रहेका कक्षा ८ मा अध्ययनरत चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठन गर्दा गर्ने त्रुटिहरू पत्ता लगाउनु रहेको छ। उक्त नगरपालिकाका ५ ओटा सामुदायिक विद्यालयका कक्षा ८ मा अध्ययनरत चाम्लिङभाषी ८० जना विद्यार्थीहरूलाई विषयगत, वस्तुगत अनुवाद र स्वतन्त्रलेखन जस्ता प्रश्नहरू दिई परीक्षा गराइएको छ। त्यसबाट प्राप्त नतिजामा भएका त्रुटिहरूलाई पहिचान गरी व्याख्या विश्लेषण गरिएको छ।

## ४.१ चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरू

यस अध्ययनको प्रमुख विषय चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिको विश्लेषण नै हो। यो अध्ययन नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिक्ने सिकारुसँग सम्बन्धित रहेको छ। पहिलो भाषा सिकाइ र दोस्रो भाषा सिकाइमा फरक रहेको पाइन्छ। जसमा पनि भारोपेली परिवारको नेपाली भाषा भोट बर्मेली परिवारको चाम्लिङ मातृभाषा भएका विद्यार्थीहरूले सिक्दा गर्ने त्रुटिहरूको विश्लेषण गर्नु रहेको छ। चाम्लिङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरूको तथ्याङ्क व्याख्या र विश्लेषण गर्नका लागि खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकाभित्र रहेका ५ ओटा सामुदायिक विद्यालयहरू रहेका छन्।

कक्षा ८ मा अध्ययनरत चाम्लिङभाषी ८० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ। प्रत्येक विद्यार्थीहरू छनोट गरिएको छ। छनोट गरिएका विद्यार्थीहरूलाई वस्तुगत, विषयगत, अनुवाद र स्वतन्त्रलेखन गरी चार प्रकारका प्रश्नहरूको उत्तर लेख्न लगाई तिनीहरूको उत्तरको आधारमा त्रुटिहरूको विश्लेषण गरिएको छ। बिना त्रुटि कुनै पनि भाषा सिक्न सम्भव हुँदैन। विद्यार्थीहरूले कुनै न कुनै त्रुटिहरू गरिहाल्छन्। दोस्रो भाषा सिक्न निकै कठिन हुन्छ। उक्त कठिनाईका कारण स्रोत भाषा र लक्ष्य भाषामा सिक्दै गरेका बालकलाई दोस्रो भाषा सिक्न त्यति सहज हुँदैन। पहिलो भाषाको प्रभाव, भाषिक वातावरणको अभाव, औपचारिकता आदिका कारण दोस्रो भाषा सिकाइ जटिल एवम् त्रुटिपूर्ण रहेको पाइन्छ।

दोस्रो भाषा सिक्न कठिन हुने कारण नेपाली भाषा र मातृभाषाबीचको अन्तरले गर्दा हुने गर्दछ। पहिलो भाषामा रहेको भाषिक व्यवस्थाको सहज रूपान्तरण दोस्रो भाषामा पनि भएमा दोस्रो भाषा सिकाइमा कठिनाइ कम हुने सम्भावना रहन्छ तर त्यस्तो नभई पहिलो र दोस्रो भाषाका विशेषताहरूमा भिन्नता रहेमा सिकाइ बढी समस्यामूलक बन्न जान्छ। दुई भाषाको प्रकृति र भाषिक व्यवस्थागत दूरीको मात्राले सिकाइको सरलतासँग भिन्नतालाई उक्त भाषामा के कस्तो प्रभाव पार्दछ। यसको खोजी गर्न र दोस्रो भाषाको सिकाइको कठिनाईमा व्यतिरेकी अध्ययनले सहयोग पुऱ्याउने गर्दछ। त्यसकारण यहाँ चाम्लिङ र नेपाली भाषाको वाक्यगठनको व्यतिरेकी अध्ययन गरिएको छ।

### ४.१.१ लिङ्गका आधारमा नेपाली र चाम्लिङ भाषाको वाक्यगठन

वाक्यमा आएको नामिक पदका मानवीय-मानवेत्तर स्त्री-पुरुष जस्ता आकारको संकेत गर्ने कोटिलाई नै लिङ्ग भनिन्छ (न्यौपाने र अन्य, २०६९ : ९८)। लिङ्ग भनेको स्त्री वा पुरुष जाति बुझाउने वा छुट्याउने व्याकरणको चिन्ह हो। नेपालीमा लिङ्गलाई २ प्रकारमा विभाजन गरिएको छ। स्त्रीलिङ्ग र पुलिङ्ग (बराल र अन्य, २०७३ : ९८)। नेपाली भाषामा २ प्रकारका लिङ्ग भएपनि अरु राई किराती भाषाहरू जस्तै चाम्लिङमा पनि व्याकरणीय लिङ्गभेद छैन।

| **नेपाली भाषा** | **उच्चारणगत त्रुटि** | **चाम्लिङ भाषा** |
|---|---|---|
| **१. स्त्रीलिङ्ग** | | |
| क) छोरी घर गई। | छोरी घर गयो। | रिब्रिमा खीम्दा पुसे |
| ख) नीता स्कुलमा छे। | नीता स्कुलमा छ। | नीता खिमखाखीम्दा हिडे। |
| ग) दिदी भात पकाउनुहुन्छ। | दिदी भात पकाउँछ। | नानावा रँ मुयो। |
| घ) केटी आई। | केटी आयो। | मारी बाना। |
| **२. पुलिङ्ग** | | |
| क) छोरा घर गयो। | छोरा घर गोयो। | सावाछा खीम्दा खाता। |
| ख) केटा स्कुलमा छ। | केटा स्कुलमा छ। | सरँ खिमखाखीम्दा खाता। |

| | | |
|---|---|---|
| ग) दाजु भात खानुहुन्छ । | दाजु भात खान्छ । | बुवा रँ पाचाङासे । |
| घ) केटा आयो । | केटो आयो । | यावा बाना । |

नेपाली भाषाको वाक्यमा लिङ्ग भेदको लागि कर्ता र कर्म प्रयोग हुने शब्दको रूप निर्धारण हुन्छ । तर चाम्लिङ भाषामा मातृभाषाको लिङ्गव्यवस्थाको अनुकरण गर्ने हुनाले नेपाली वाक्य रचनामा त्रुटि हुन गएको देखिन्छ । चाम्लिङ भाषाको क्रियापदमा लिङ्गगत भिन्नता नभएकाले त्यसैको सामान्यीकरण भई नेपालीमा त्रुटि हुने गरेको हो ।

## ४.१.२ वचनका आधारमा नेपाली भाषा र चाम्लिङ भाषाको वाक्यगठन

नामिक वा क्रियाको संख्या जनाउने व्याकरणिक कोटिलाई वचन भनिन्छ (न्यौपाने, २०६९: ९९) । एक वा अनेकको बोध गराउने पदहरूलाई नै नेपाली भाषामा वचन भनिन्छ ( भट्टराई, २०६२: ५९) । चाम्लिङ भाषामा एकवचन, द्विवचन तथा बहुवचन गरी तीन प्रकारका वचनहरू छन् ।यी तीनओटा वचनहरू क्रिया र सर्वनाममा मात्र प्रयोग गर्दछ (राई, २०६८:१५) ।

**एकवचन**

| **नेपाली भाषामा** | **उच्चारणगत त्रुटि** | **चाम्लिङ भाषा** |
|---|---|---|
| म बजार जान्छु | म बजार जान्छ । | काँ नाच्रुङपिच्रुङ पुसैं । |
| ऊ खोलामा जान्छ | ऊ खोलामा जान्छ । | खु छिवानी खाते । |
| रमेश स्कुल जान्छ । | रमेश स्कुल गोयो । | रमेश खिमखाखीम पुसे । |
| भाइले खायो । | भाइले खान्छ । | निछवा च्यो । |

**बहुवचन**

| | | |
|---|---|---|
| हामी दुई घर जान्छौं । | हामी दुई घर जान्छ । | कैची हाकापो खीमदा पुसा । |
| उनीहरूदुई स्कुल जान्छन् । | उनीहरूदुई स्कुल गोयो । | खुचीहाकापो खिमखाखीम खाताचे । |
| उनीहरू स्कुल जान्छन् । | उनीहरू स्कुल जान्छ । | खुची खिमखाखीम खाताचे । |
| भाइहरूले भात खाए । | भाइहरूले भात खायो । | निछचिवा रँ पाचाए । |

| | | |
|---|---|---|
| मेरो भाइहरूगए । | मेरो भाइहरू गोयो । | आङा निछोचि पुसाची । |

माथिको चाम्लिङभाषाका तीनै वचनका वाक्यलाई केलाएर हेर्दा वचन विधान फरक रहेको पाइन्छ । यसबाट के भन्न सकिन्छ भने चाम्लिङ भाषा र नेपाली भाषाको वचन विधान फरक भएकै कारण वचनगत त्रुटि भएका हुन् । नेपाली भाषामा एकवचन र बहुवचन गरी दुई प्रकारका वचन रहेकाले पनि त्रुटि भएको हो ।

### ४.१.३ पुरुषका आधारमा नेपाली भाषा र चाम्लिङ भाषाको वाक्यगठन

भाषिक प्रयोगमा सहभागिताका विभिन्न स्थिति व्यक्त गर्ने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ (न्यौपाने र अन्य, २०६९: १००) । नेपाली भाषामा सर्वनाम र क्रियापदको पुरुषको अन्तरलाई स्पष्ट पार्दछ । व्यक्तिलाई बुझाउने व्याकरणको चिन्हलाई पुरुष भनिन्छ (बरालर एटम, २०६८ : ४३) । कथन सन्दर्भमा संलग्न भएका सहभागीहरूको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटि नै पुरुष हो (२०५५:८७) । पुरुषले व्यक्तिलाई बुझाउँछ । यो सर्वनाम र क्रियासँग सम्बद्ध कोटि हो । यसले वक्ता स्रोता र अन्य व्यक्तिलाई बुझाउँछ (भट्टराई, २०६५:७१) । प्रायः कुरा गर्ने व्यक्ति प्रथम पुरुष, कुरा सुन्ने व्यक्ति द्वितीय, कुराकानीमा संलग्न नभएको तर जसका बारेमा कुराकानी गरिन्छ त्यो व्यक्ति वा वस्तुलाई तृतीय पुरुष भनिन्छ । नेपाली भाषामा जस्तै चाम्लिङ भाषामा पनि पुरुष तीन प्रकारको रहेका छन् । चाम्लिङभाषामा यसको छुट्टै नाम नभएका कारण नेपाली भाषामा जस्तै प्रथम पुरुष द्वितीय पुरुष र तृतीय पुरुष नै भनेर प्रयोग गर्ने गरेको पाइन्छ ।

**प्रथम पुरुष**

| **नेपाली भाषा** | **उच्चारणगत त्रुटि** | **चाम्लिङ भाषा** |
|---|---|---|
| म गीत गाउँछु । | म गीत गाउँछ । | काँ छाम छाम्मुयो |
| हामी घर जान्छौँ । | हामी घर जान्छ । | कैका खीमदा पुसिके । |
| म घर जान्छु । | म घर जान्छ । | काँ खीम्दा पुसै । |

**द्वितीय पुरुष**

| | | |
|---|---|---|
| तँ भात खान्छस् । | तँ भात खान्छ । | खानारँ ताचियो । |
| तिमी धरान जान्छौ । | तिमी धरान जान्छ । | खैनी धरान ताप्सिए । |
| तँ धरान जान्छस् । | तँ धरान जान्छ । | खाना धरान ताप्सिए । |

**तृतीय पुरुष**

| | | |
|---|---|---|
| ऊ भात खान्छ । | ऊ भात खान्छ । | खु रँ चियो । |
| उनी घर जान्छिन् । | उनी घर जान्छ । | खु खीमदा पुसिए । |
| ऊ घर जान्छ । | ऊ घर गोयो । | खु खीमदा खाते । |

नेपाली भाषामा ३ पुरुष हुन्छन् । प्रायः ती पुरुषहरू वाक्यको सन्दर्भमा कर्ता, कर्म भई तिनैको आधारमा क्रियापदको संगति मिलाइन्छ । त्यस्तै चाम्लिङ भाषामा पनि सर्वनाम र नाम शब्दहरूले नै वाक्यको सन्दर्भमा कर्ता र कर्मको रूपमा पुरुषको भूमिका रहेको हुन्छ । चाम्लिङ भाषामा कर्ताका रूपमा काँ, कैन्ची, खाना, खु, खैनी जस्ता सर्वनामहरू प्रयोग भएका छन् भने मा, च्यो, पुसा/खाता, खाताचे, खातैं जस्ता शब्दहरू क्रियापदको रूपमा प्रयोग भएको पाइन्छ ।

## ४.१.४ आदरका आधारमा नेपाली र चाम्लिङ भाषाको वाक्यगठन

व्यक्तिको प्रतिष्ठालाई सङ्केत गर्ने व्याकरणिक कोटिलाई आदर भनिन्छ (न्यौपाने र अन्य, २०६९:१०१) । नाम सर्वनाम र क्रियापदले सङ्केत गर्ने व्यक्तिको सामाजिक इज्जत र प्रतिष्ठा व्यक्त गर्ने शब्द तथा समाजको मर्यादा अनुसार वाक्यमा आदरको व्यवहार गरिन्छ । नेपालीमा विभिन्न तहका मानिसहरूलाई गर्ने आदरको क्रम छ । जस अनुसार चार प्रकारका आदर रहेका छन् (बराल र अन्य, २०६८: ४८) । मानवीय प्रसङगमा बहुवचन वा संयुक्त क्रियाद्वारा व्यक्त हुन्छ । आदर मूलतः स्रोता र द्वितीय पुरुषर अन्य सन्दर्भमा आदरार्थी सर्वनामको र अन्य सन्दर्भमा चाहि सर्वनामका साथै आदर सूचक नामको प्रयोग हुन सक्छ ( अधिकारी, २०६२:९१) । वाक्यमा प्रयोग हुने सम्मानको तह जनाउने व्याकरणको कोटिलाई आदर भनिन्छ (शर्मा नेपाल र अन्य, २०७५:१३५) । चाम्लिङ भाषामा आदरार्थी छैन तर पनि चाम्लिङभाषी वक्ताहरूले वा विद्यार्थीहरू आदर जनाउनका लागि द्विवचन तथा बहुवचन चि र

नि चिन्हहरूको प्रयोग गरेको देखिन्छ । आदरार्थीको यस्तो प्रयोग खस भाषाको प्रयोगले भएको हुन सक्छ । विशेष गरी नि को प्रयोग आदरार्थी सम्बोधनका लागि प्रयोग गरिन्छ (राई, २०६८:७२) ।

| नेपाली भाषा | उच्चारणगत त्रुटि | चाम्लिङ भाषा |
|---|---|---|
| **अति उच्चआदर** | | |
| हजुर घर गइबक्स्यो । | हजुर घर गोयो । | खैनी खीमदा पुसानिना |
| **उच्च आदर** | | |
| उहाँ घर जानुभयो । | उहाँ घर जान्छ । | खु खीमदा मिप्सा । |
| **मध्य आदर** | | |
| तिमी घर गयौ । | तिमी घर गोयो । | खाना खीम्दा ताप्सा । |
| **निम्न आदर** | | |
| तँ घर गइस् । | तँ घर गोको । | खाना खीम्दा ताप्सा । |

विद्यार्थीले त्रुटि गर्ने मुख्य क्षेत्र भनेको आदर हो । किनकि आदरमा अरु भाषा जस्तो आदर व्यवस्था चाम्लिङ भाषामा नभएका कारण यहाँ खैनी, खुची, खाना जस्ता कर्ता प्रयोग भएको छ । नेपालीमा कर्ता अनुसारको क्रियापदमा आदर रहने गर्दछ तर चाम्लिङ भाषामा चि र नि ले जनाएको छ ।

स्रोत : स्थानीय चाम्लिङभाषी वक्ता र विद्यार्थी

## ४.२ त्रुटिको वर्गीकरण

कुनै पनि भाषा प्रयोगमा देखिने विचलन भूल, गल्ती, रड्काइ चिप्लाइ वा फिस्लाइलाई त्रुटि भनिन्छ (२०६९:२०३) । भाषा सिकाइका क्रममा सिक्ने व्यक्तिहरूले गरेको त्रुटिहरूको अध्ययनहरूबाट उसको त्यस क्षेत्रमा कति ज्ञान छ भन्ने कुराको अनुमान गर्न सकिन्छ । त्रुटि विश्लेषणबाट उसले कुन कुरा सिक्न बाँकी छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ । कुनै व्यक्तिहरूले गरेको त्रुटिहरूको भाषा वैज्ञानिक शब्दमा त्रुटि, वर्णन र वर्गीकरण गरेर एउटा

त्यस्तो चित्र बनाउन सकिन्छ, जसले भाषा शिक्षणमा समस्या उत्पन्न गर्न भाषिक विशेषता औल्याइ दिन्छ (भण्डारी र अन्य, २०६८:१३८) ।

भाषा सिकाइमा त्रुटिको महत्वपूर्ण भूमिका रहेको हुन्छ भन्ने कुरालाई स्वीकार गरे पछि ती त्रुटिको निराकरण गरी निश्चित विन्दुमा पुग्नका लागि त्रुटिको प्रकृति तथा त्यसको प्रकारका बारेमा जानकारी प्राप्त गर्नु जरुरी हुन्छ -लामिछाने, २०६१:२२०) । त्रुटिको वर्गीकरण गर्ने सन्दर्भमा एस.पिट कर्डर (१९७३:२०६) का अनुसार तीन प्रकारका छन् भनी उल्लेख गरेका छन् भने हेमाङ्राज अधिकारीले पनि (२०५३:१११) मा तीन प्रकारलाई स्वीकार गरेका छन् ।

क) व्यवस्थित त्रुटि

ख) अव्यवस्थित त्रुटि

ग) उत्तर व्यवस्थित त्रुटि

### ४.२.१ त्रुटिको प्रकृतिको आधारमा

#### अ) व्यवस्थित त्रुटि

भाषा प्रयोगमा शिक्षार्थी स्वयम सचेत हुँदाहुँदै पनि सुधार्न नसकिने त्रुटिलाई व्यवस्थित त्रुटि भनिन्छ । प्रायः यस प्रकारको त्रुटि कुनै व्यक्तिले मातृभाषा बाहेक अन्य भाषा सिक्दा गलत सामान्यीकरण भाषिक ज्ञानको अभावका कारण उत्पन्न हुन्छ । यसप्रकारको त्रुटि समूहपरक प्रकृतिको हुन्छ । जस्तैः हामी चण्डी पूर्णिमा साकेला नाच्छ ।

सानीले काम सकायो ।

कलमले राम्ररी लिखेन ।

तपाईँले पढ्यो ।

#### आ) अव्यवस्थित त्रुटि

यस प्रकारको त्रुटिलाई प्रारम्भिक त्रुटि पनि भनिन्छ । यसप्रकारको त्रुटिमा सिकारुले गर्ने त्रुटि सबै प्रकारको नभई बेग्ला बेग्लै प्रकृतिका हुन्छन् । कुनै एउटा विद्यार्थीले एक पटक एक प्रकृतिको त्रुटि गर्दछन् र अर्को पल्ट अर्को प्रकृतिको त्रुटि गर्दछ भने त्यस प्रकृतिको त्रुटिलाई अव्यवस्थित त्रुटि भनिन्छ । (ऐ) ।

जस्तै : हामीहरू घर जान्छ ।

हामीहरू घर जान्च ।

**इ) उत्तर व्यवस्थित त्रुटि**

नियमको ज्ञान भएपछि पनि भाषिक प्रयोगकर्ताको असावधानीले हुने त्रुटिहरूलाई उत्तर व्यवस्थित त्रुटि भनिन्छ । यस्तो त्रुटि शिक्षार्थी आफैले अनुभूत गरी सच्याउन पनि सक्ने खालको हुन्छ (ऐ) ।

जस्तै : तिमी विद्यालय आउछ ।

मामा बजार गयो ।

**४.२.२ स्रोतका आधारमा**

त्रुटिको स्रोत कुन हो त्यस आधारमा पनि त्रुटिलाई वर्गीकरण गर्न सकिन्छ । भाषा प्रयोग कर्ताले सिकिरहेको भाषाको व्यवस्थासँग सम्बन्धित भएर त्रुटि गर्छ वा सिकिरहेको भाषाको व्यवस्थासँग सम्बन्धित नभई अन्य भाषाको व्यवस्थासँग सम्बन्धित भएर त्रुटि गर्छ । यस आधारमा त्रुटि दुई प्रकारका छन् :

**अ) भाषन्तरिक त्रुटि**

सिकिरहेको भाषा व्यवस्थासँग सम्बन्धित त्रुटिलाई भाषान्तरिक त्रुटि भनिन्छ । यस्तो त्रुटि लक्ष्य भाषाकै नियमहरूको गलत सामान्यीकरणबाट हुने गर्दछ । जस्तै पढ्य, लायो र गऱ्यो शब्दमा खा, पढ् र गर धातु हुन्छ भनेर पढेका विद्यार्थीले भयो र गयो को धातु भ र ग हुन भन्नु यस प्रकारको त्रुटि हो ।

जस्तै : भाइ घर जायो (गयो) ।

उसले पुस्तक नदियो (दिएन) ।

**आ) अन्तरभाषिक त्रुटि**

सिकिरहेको भाषिक व्यवस्थासँग सम्बन्धित नभई अन्य भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटिलाई अन्तरभाषिक त्रुटि भनिन्छ । यस प्रकारको त्रुटि लक्ष्यभाषासँग सम्बन्धित हुने गर्दछ ।

जस्तैः तिमीहरू त धेरै आउँदैन ।

म ता हिड्नै सक्दैन ।

तपाई त राम्रो मान्छे हो ।

तिमी जानु हुन्छ । आदि (ऐ) ।

### ४.२.३ भाषा कोटिका आधारमा

भाषाका विभिन्न कोटिहरू हुन्छन् । उच्चारणगत वर्णविन्यासगत, रूपगत, शब्दभण्डारगत, पदावलीगत, वाक्यगत, अर्थगत, सङ्कथनगत, शैलीगत विभिन्न त्रुटिमा विभाजन गर्न सकिन्छ । तर पनि भाषा कोटिका आधारमा त्रुटिहरूलाई मुख्य रूपले दुई प्रकारका त्रुटिलाई लिन सकिन्छ (ऐ) ।

**अ) उच्चारणगत त्रुटि**

कुनै शब्द वा वाक्य उच्चारण गर्दा हुने त्रुटि उच्चारणगत त्रुटि हो ।

जस्तै : तातो-टाटो, लोग्ने-लोक्ने, स्कुल-इस्कुल जस्ता त्रुटि हुन्छन् ।

**आ) वर्ण विन्यासगत त्रुटि**

वर्णविन्यासगत त्रुटि अन्तर्गत ह्रस्व/दीर्घ प्रयोग सम्बन्धी त्रुटि श/ष/स को प्रयोग सम्बन्धी त्रुटि ब/व प्रयोग सम्बन्धी त्रुटि, ए/य को प्रयोग सम्बन्धी त्रुटि, हलन्त, अजन्त, डिको दिने लेख्या चिन्ह, पदयोग र पदवियोग सम्बन्धी त्रुटि पर्दछन् । कतिपय मातृभाषा र अन्य भाषामा वर्णविन्यासगत भिन्नता भएका कारण विद्यार्थीले त्रुटि गर्दछन् ।

**इ) रूपगत त्रुटि**

शब्दको सही ढङ्गले रूपायन वा व्युत्पादन गर्न नजान्दा हुने त्रुटिलाई रूपगत त्रुटि भनिन्छ । यसमा क्रियापदको अन्त्यमा आएको सबै 'न' को खुट्टो काट्नुपर्छ भन्ने मान्यता राख्न, आदरसहित एकवचन कर्तामा 'हरू' जोड्नु रूपगत त्रुटि हो ।

जस्तै : जसले-जोले, कसले-कोले ।

**ई) शब्दभण्डारगत त्रुटि**

शब्दलाई सन्दर्भअनुसार प्रयोग गर्न नजानेर हुने त्रुटिलाई शब्दभण्डारगत त्रुटि भनिन्छ ।

जस्तै : म पानी पिउँछ ।

म पानी खान्छु ।

### उ) पदावलीगत त्रुटि

पदावली रचनामा देखा पर्ने विभिन्न प्रकारको त्रुटिलाई पदावलीगत त्रुटि भनिन्छ ।

जस्तै : तपाइँको भाउजू, जुरुक्क दगुर्नु।

त्यो नराम्रो केटाहरू आयो ।

### ऊ) वाक्यगत त्रुटि

कर्ता र क्रियागत, विशेषण र विशेष्य, पदक्रम र वाक्यगत जटिलता आदिबाट देखिने त्रुटिलाई वाक्यगठन त्रुटि भनिन्छ ।

जस्तै : भाइ बहिनीहरू आयो ।

### ए) अर्थगत त्रुटि

अर्थगत त्रुटि भन्नाले भन्न खोजेको अभिप्रायलाई शब्दले पछ्याउन नसक्नु, एउटै अर्थ भएका शब्दलाई बारम्बार दोहोऱ्याउनु एउटा शब्दबाट काम चल्नेमा त्यस्तै खालका अन्य शब्दहरू थप्नु नै त्रुटि हो ।

जस्तै : पाँच जना गाईहरू चर्दैछन् ।

### ऐ) सङ्कथनगत त्रुटि

वाक्यात्मक तहभन्दा माथिका अनुच्छेद वा त्यसभन्दा पनि माथिका अन्तर्वाक्यीय त्रुटिहरूलाई सङ्कथनगत त्रुटि भनिन्छ ।

### ओ) शैलीगत त्रुटि

अनुपयुक्त वा असान्दर्भिक शैलीको प्रयोग गर्दा हुने त्रुटिलाई शैलीगत त्रुटि भनिन्छ ।

### ४.२.४ गम्भीरताका आधारमा

विचार विनिमय गर्ने कार्यमा वा बोलचालको क्रममा कुनै त्रुटिले बाधा पुऱ्याउँदै छ भने कुनै त्रुटिले बाधा पुऱ्याउदैनन् । यसरी अर्थको गम्भीरताको आधारमा त्रुटिहरू दुई प्रकारका हुन्छन् (ऐ) ।

**आ) अर्थघातक त्रुटि**

अर्थ सम्प्रेषणमा गम्भीर बाधा पार्ने अथवा भन्न खोजेको कुरा भन्दा अर्कै अर्थ सम्प्रेषण भई अर्थको अनर्थ हुन सक्ने खालको त्रुटिहरूलाई अर्थघातक त्रुटि भनिन्छ ।

जस्तै : म पो खरेल हुँ ।

म पोखरेल हुँ ।

जस्ता त्रुटि हुने गर्दछ ।

**आ) अर्थअघातक त्रुटि**

अर्थ सम्प्रेषणमा खासै बाधा नपार्ने भाषाको आन्तरिक व्यवस्थाभन्दा बाध्य व्यवस्थासँग सम्बन्धित अथवा मानक नियमबाट विचलित त्रुटिलाई अर्थअघातक त्रुटि भनिन्छ ।

जस्तै : शान्ति - शान्टी आउँछ -आन्छ/आन्च,

यहाँ = ह्याँ जस्ता त्रुटिहरू हुने गर्दछ ।

**४.२.५ व्यापकताको आधारमा**

त्रुटि कुनै एक वाक्य वा अनेक वाक्यसँग सम्बन्धित हुन्छ । यसको आधारमा पनि त्रुटि दुई प्रकारका रहेका छन् :

**अ) अंशगत त्रुटि**

अंशगत्रुटि भनेको वाक्यको एक अंशमा हुने त्रुटि हो । यस प्रकारको त्रुटि वाक्यको कुनै एक शब्दमा त्रुटि हुन्छ ।

जस्तै : दाजु गोयो ।

भाइ जानुभयो ।

**आ) समग्रगत त्रुटि**

कुनै वाक्य वा सोभन्दा बढी वाक्यसँग सम्बन्धित त्रुटिलाई समग्र त्रुटि भनिन्छ । यस प्रकारको त्रुटि सिङ्गो वाक्यसँग सम्बन्धित हुन्छ ।

जस्तै : त्यो केटाहरू आयो । (ती केटाहरू आए । )

हामीले सुकेको रुखहरू ढाले । (हामीले सुकेका रुखहरू ढाल्यौँ) ।

### ४.२.६ स्वरूपको आधारमा

त्रुटिको स्वरूपको आधारमा पनि वर्गीकरण गरिएको पाइन्छ । यसलाई लोप, थपोट र आदेशका आधारमा हेर्न सकिन्छ ।

**अ) लोपजनित त्रुटि**

वक्ताका बोलीमा कुनै अंश लोप भएको देखिन्छ भने त्यस्ता त्रुटिलाई लोपजनित त्रुटि भनिन्छ ।

जस्तै : माराज=महाराज, सकारी=सहकारी ।

**आ) थपोट जनित त्रुटि**

वक्ताका बोली लय कुनै शब्द, अंश थपिएर आउँछ भने त्यस्ता त्रुटिलाई थपोट जनित त्रुटि भनिन्छ ।

जस्तै : इतिहाँस = इतिहास, इस्कुल =स्कुल, सकायो = सक्यो ।

**इ) आदेशजनित त्रुटि**

शब्दमा कुनै एक ध्वनिले अर्को ध्वनिलाई हटाएर बस्नु आदेश हो ।

जस्तै : सिपाइ = सिपाही, कारबाइ =कारबाही, बैदार = बहिदार आदि ।

### ४.२.७ औचित्यको आधारमा

सन्दर्भ र प्रयोग अनुसार स्वीकृत र अस्वीकृत हुने त्रुटिहरू यस अन्तर्गत पर्दछन् । यसको दुई प्रकार छन् :

**अ) औचित्यपूर्ण त्रुटि**

व्याकरणिक दृष्टिले मात्र त्रुटिपूर्ण छ तर सन्दर्भ अनुरूप त्रुटि छैन भने त्यस्तो त्रुटिलाई औचित्यपूर्ण त्रुटि भनिन्छ ।

जस्तै : बहिनी बजार गएकी छ ।

सन्दर्भगत औचित्यता देखिने भएकाले यस्तो त्रुटिलाई स्वीकार गर्ने परम्परा छ (भण्डारी र नेपाल, २०६८ : १३५) ।

आ) **अनौचित्यपूर्ण त्रुटि**

व्याकरण र सन्दर्भ दुवै दृष्टिले त्रुटि भएको अवस्थालाई अनौचित्यपूर्ण त्रुटि भनिन्छ। जस्तै : मेरो बुवा आयो ।

सर पढाएर गयो ।

केटाहरूले गाउँ छोड्न थाल्यो ।

व्याकरण र सन्दर्भ दुवैमा त्रुटियुक्त प्रयोग भएको छ (ऐ) ।

भाषा सिकाइका सन्दर्भमा शिक्षार्थीले गरेका त्रुटिहरूलाई सहज स्वभाविक र सफलताका प्रतिकका रूपमा लिने गरिन्छ । तसर्थ शिक्षार्थीहरूले गरेका त्रुटिहरूको विश्लेषण गर्नु आवश्यक देखिन्छ । यसरी उनीहरूले गरेका त्रुटिहरूको निराकरण गर्नका लागि त्रुटिको पहिचान, वर्गीकरण तथा व्याख्या विश्लेषण गरिन्छ ।

## ४.३ चाम्लिङभाषी विद्यार्थीको उक्त त्रुटिका कारणहरू

भाषा सिकाइका क्रममा विद्यार्थीले के कस्ता त्रुटिहरू, के कारणबाट गर्दछन् भनि पहिचान गर्न र उक्त त्रुटिहरू निराकरण गर्न सहयोग पुऱ्याउने विषय नै त्रुटि विश्लेषण हो ( ढुङ्गेल र दाहाल, २०५८ : १८८) । भाषा सिकाइका क्रममा नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्ने विद्यार्थीहरूले गर्ने त्रुटि मातृभाषाका कारण भएको पाइयो । त्यसमा कक्षा ८ का चाम्लिङभाषी विद्यार्थीले आफ्नो मातृभाषा भन्दा फरक नेपाली भाषा भर्खर सिक्दै गरेको अवस्थामा के कस्ता कारणले त्रुटि हुन्छ भनि देखाइएको छ र अध्ययनलाई अझ प्रभावकारी बनाउन त्रुटिका कारणलाई पनि छुट्टै उपशीर्षकमा व्याख्या गरिएको छ । वाक्यगत त्रुटिलाई लिङ्गगत, वचनगत, पुरुषगत र आदरगत गरी चार उपशीर्षकमा राखी अध्ययन गरिएको छ ।

### ४.३.१ लिङ्गगत त्रुटि

कक्षा ८ मा अध्ययनरत चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूमा नमुना छनोटमा परेका विद्यार्थीहरूको लिखित परीक्षाबाट प्राप्त लिङ्गगत त्रुटि निम्न पाइयो ।

१) बिनिता घर आयो ।

२) बबिन विद्यालय जान्छे ।

३) दिदी आयो ।

४) दाजु पोखरा गोयो ।

५) बहिनी बजार गोयो ।

६) भाइ मेहनती छे ।

७) माइजू भात खादैँछ ।

८) बुबा पूजा गर्छ ।

९) आमा घर जान्छ

१०) काका आयो ।

स्रोत : परीक्षाको नतिजा

प्रस्तुत लिङ्गगत त्रुटिलाई हेर्दा लिङ्ग अनुसारको क्रियापद प्रयोग नभएको पाइन्छ । पुलिङ्ग र स्त्रीलिङ्ग दुई ओटा वाक्यमा एउटै क्रियापदको प्रयोग गरेको पाइन्छ । पुलिङ्ग कर्तामा स्त्रीलिङ्ग क्रियापदको प्रयोग भएको पाइयो । यसको अर्थ के हुन्छ भने चाम्लिङ भाषामा लिङ्ग विभेद गरिदैन तापनि मातृभाषाको प्रभावले गर्दा जसको असर चाम्लिङभाषी विद्यार्थीहरूले दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्दा नेपाली वाक्यगठनमा गरेको पाइन्छ । यस अध्ययनबाट प्राप्त त्रुटिहरूलाई तथ्याङ्गगत आधारमा यसरी तालिकाद्वारा प्रस्तुत गरिएको छ :

तालिका १ : लिङ्गगत त्रुटिहरूको विवरण

| क्र.सं. | विवरण | छनोट | त्रुटि गर्ने विद्यार्थी | | त्रुटि नगर्ने विद्यार्थी | |
|---|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | स्त्रीलिङ्गगत | ८० | ५२ | ६५ | २८ | ३५ |
| २ | पुलिङ्गगत | ८० | १८ | २२.५ | ६२ | ७७.५ |
| ३ | स्त्रीलिङ्गगत र पुलिङ्गगत दुवै | ८० | ५९ | ७३.७५ | २१ | २६.२५ |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकाको आधारमा हेर्दा छनोट गरिएको कुल ८० जना विद्यार्थीहरूमध्ये स्त्रीलिङ्गगत त्रुटि गर्ने ६५ प्रतिशत र पुलिङ्गगत पक्षमा २२.५% त्रुटि नगर्ने २१ जना २६.२५ प्रतिशत पाइयो । यस तथ्याङ्कलाई अध्ययन

गर्दा विद्यार्थीहरूले स्त्रीलिङ्गगत त्रुटि बढी गरेको देखिन्छ । उनीहरूको त्रुटिलाई हेर्दा ७३.७५ प्रतिशत मध्ये ६५ प्रतिशत हुनुले स्त्रीलिङ्गगत त्रुटि बढी भएको देखिन्छ ।

### ४.३.१.१ लिङ्गगत त्रुटि हुने कारण

माथिका स्त्रीलिङ्गी र पुलिङ्गी दुवैलाई तुलना गरेर हेर्दा चाम्लिङभाषी विद्यार्थीले नेपाली संरचनामा लिङ्गगत गर्ने त्रुटिका कारण आफ्नो मातृभाषाको प्रभावले गर्दा देखिन्छ । चाम्लिङभाषी विद्यार्थीले स्त्रीलिङगी र पुलिङ्गी दुवैमा एउटै क्रियापदको प्रयोग गर्ने गरेका कारण त्रुटि हुने गरेको देखिन्छ । नेपाली भाषाको वाक्यमा लिङ्ग भेदको निम्ति कर्ता वा कर्म हुने शब्दको स्त्रीलिङगी वा पुलिङ्गी स्वरूप हुन्छ तर चाम्लिङ भाषाको लिङ्ग व्यवस्था अनुकरण गर्ने हुनाले नेपाली वाक्य रचनामा त्रुटि हुन गएको देखिन्छ । चाम्लिङ भाषाको क्रियापदमा लिङ्ग भिन्नता नभएका कारणले नेपालीमा त्रुटि हुने गरेको हो ।

### ४.३.२ वचनगत त्रुटि

वचन सामान्यतय सङ्ख्यासँग सम्बन्धित वाक्यगठनको महत्वपूर्ण पक्ष पनि हो । चाम्लिङभाषी विद्यार्थीले नेपाली भाषाका वाक्यगठनमा वचनगत प्रयोगमा अत्याधिक त्रुटि गरेको पाइएको छ । स्थलगत अध्ययनबाट प्राप्त तथ्यका आधारमा विद्यार्थीले गरेका त्रुटिलाई हेर्दा बहुवचन कर्ताका साथमा एकवचन क्रियापद प्रयोग गरी त्रुटि गरेको देखिन्छ । चाम्लिङभाषी विद्यार्थीले गरेका वचनगत त्रुटिका केही नमुनाहरू यसरी प्रस्तुत गरिएको छ ।

**कर्ता र क्रियापद सम्बन्धी त्रुटि**

१) हामीहरू खेल्न गयो ।

२) बहिनीहरू राम्री छे ।

३) भाइहरू आयो ।

४) छोरीहरू स्कुल गई ।

५) तिमीहरू किताब पढ्छ ।

विद्यार्थीहरूले गरेको त्रुटिलाई विश्लेषण गर्दा अत्याधिक मात्रामा त्रुटिहरू आफ्नो मातृभाषाको प्रभावले गर्दा भएको देखिन्छ भने अर्कोतर्फ सिकाइ प्रक्रियाको क्रममा अभ्यासको कमीका कारणले पनि होकी भन्ने प्राप्त त्रुटिहरूलाई तथ्याङ्कगत रूपमा प्रस्तुत गरिएको छ ।

तालिका २ : वचनगत त्रुटिहरूको विवरण

| क.सं. | विवरण | छनोट विद्यार्थी सङ्ख्या | त्रुटि गर्ने विद्यार्थी | | त्रुटि नगर्ने विद्यार्थी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | एकवचन | ८० | ५२ | ६५ | २८ | ३५ |
| २ | बहुवचन | ८० | ७२ | ७७.५ | १८ | २२.५ |
| ३ | एक वचन र बहुवचन दुवै | ८० | ६० | ७५ | २० | २५ |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकाको आधारमा हेर्दा छनोट गरेका जम्मा ८० जना विद्यार्थी मध्ये एकवचनमा ६५ प्रतिशतले र बहुवचन ७७.५ प्रतिशत र त्रुटि नगर्ने २० जनामा २५ प्रतिशत विद्यार्थीले त्रुटि गरेको पाइयो । एकवचन भन्दा बढी बहुवचनमा त्रुटि गरेका छन् । बहुवचन कर्तामा एकवचन क्रियापद प्रयोग गरेर बढी त्रुटि भएको देखिन्छ ।

### ४.३.२.१ वचनगत त्रुटिका कारणहरू

नेपाली भाषा सिक्ने चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठन गर्दा वचनगत त्रुटि पर्याप्त मात्रामा गर्दछन् । ती त्रुटिहरूमा खासै प्रभाव नपरेपनि नेपाली व्याकरणको दृष्टिले मुख्यत : अशुद्ध मानिन्छ । कारणहरू नेपाली र चाम्लिङ भाषाको वचन व्यवस्था र बहुवचन छन् भने चाम्लिङभाषामा एकवचन द्विवचन र बहुवचन गरी तीन प्रकारका रहेका छन् । नेपाली भाषाको बहुवचन कर्ता र कर्मका केही शुद्धता स्वरूपगत फरक रहेका छन् भने प्राय : 'हरू' प्रत्यय लागेका र एको लाई एका, यो लाई ए, छ लाई छन् प्रत्यय लगाएर बहुवचन बनाइन्छ तर चाम्लिङ व्याकरणमा सबै वचन बुझाउने (कर्ता र कर्म) शब्दहरूको बनोट फरक हुने गर्दछ । द्विवचनमा चि र बहुवचनमा नि प्रत्यय लाग्छ भने क्रियाका रूपमा त्यही अनुसारको प्रत्यय प्रयोग हुने देखिन्छ । यस्तै कारणहरूले गर्दा विद्यार्थीहरूले वचनगत त्रुटि बढी मात्रामा गरेको देखिन्छ ।

### ४.३.३ पुरुषगत त्रुटि

चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा पुरुषगत रूपमा पनि त्रुटि गरेको पाइएको छ । वाक्यगठनमा जुन पुरुषको कर्ता छ त्यही पुरुषको क्रियापद प्रयोग गर्नुपर्नेमा त्यसो नगरेका कारणले गर्दा त्रुटि भएको पाइयो । यस्ता त्रुटि हुनुमा सिकाइ अभ्यासको कमीले गर्दा होकी जस्तो देखिन्छ । चाम्लिङभाषी विद्यार्थीहरूले दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्दा गरेका त्रुटिहरू यस प्रकार रहेको छ ।

१) म विद्यालय जान्छ ।

२) म गृहकार्य गर्छ ।

३) तपाई धरान जानुछ ।

४) तिमी घरमा पढ्छ ।

५) तपाईहरू बजार जानुछ ।

उक्त त्रुटिका नमुनाहरू हेर्दा प्रथम पुरुष द्वितीय र तृतीय पुरुषमा जुन कर्ता प्रयोग गरिएको छ । त्यही अनुसारको क्रियापद प्रयोग नगरेका कारणले त्रुटि भएको पाइयो । केही मात्रामा तृतीय पुरुषमा कम त्रुटि गरेको पाइयो । यस त्रुटिलाई अध्ययन गर्दा मातृभाषाको प्रभावसँगसँगै सिकाइ अभ्यासको कमीले गर्दा पनि बढी त्रुटि हुने गरेको पाइयो । स्थलगत अध्ययनको नतिजाको विश्लेषण गर्दा यस्ता तथ्य पत्ता लगाइएको छ । यस परीक्षणबाट प्राप्त त्रुटिहरूलाई तथ्याङ्कगत रूपमा प्रस्तुत गरिएको छ ।

तालिका ३ : पुरुषगत त्रुटिहरूको विवरण

| क्र.सं. | विवरण | छनोट विद्यार्थी सङ्ख्या | त्रुटि गर्ने विद्यार्थी | | त्रुटि नगर्ने विद्यार्थी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | प्रथम पुरुष | ८० | ५५ | ६८.७५ | २५ | ३१.२५ |
| २ | द्वितीय पुरुष | ८० | ४८ | ६० | ३२ | ४० |
| ३ | तृतीय पुरुष | ८० | ३२ | ४० | ४८ | ६० |

स्रोत : स्थलगत अध्ययन, २०७५

उक्त तालिका अनुसार त्रुटि गर्ने विद्यार्थीहरू प्रथम पुरुष ६८.७५ प्रतिशत द्वितीय पुरुषमा ६० प्रतिशत र तृतीय पुरुषमा ४० प्रतिशत विद्यार्थीले त्रुटि गरेका छन् । प्रथम पुरुष,

द्वितीय पुरुष र तृतीय पुरुषमध्ये तृतीय पुरुषमा भने त्रुटि गर्नेको सङ्ख्या ४० प्रतिशत मात्र रहेको छ। सबैभन्दा बढी त्रुटि प्रथम पुरुषमा ६८.७५% विद्यार्थीले गरेको देखिन्छ। चाम्लिङभाषामा खासै अर्थघातक नरहेपनि नेपाली भाषा व्याकरणमा भने त्रुटिपूर्ण नै रहेको देखिन्छ।

### ४.३.३.१ पुरुषगत त्रुटिका कारणहरू

नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्ने चाम्लिङभाषी विद्यार्थीले नेपाली वाक्यगठन गर्दा पुरुषगत त्रुटि अत्याधिक मात्रामा गरेको पाइयो। ती त्रुटिहरू अर्थघातक नरहेपनि नेपाली व्याकरणमा त्रुटिपूर्ण नै देखिन्छ। सर्वनाम र नाम शब्दहरूले नै वाक्यको सन्दर्भमा कर्ता र कर्मको रूपमा पुरुषको भूमिका निर्वाह गर्दछन् तर चाम्लिङ भाषामा प्रत्यय ऐ, ए, टा, इ, चि, नि जस्ता उपसर्गहरू क्रियापदमा जोडिन्छन्। मातृभाषाको प्रभावका कारणले गर्दा पुरुषगत त्रुटि भएको देखिन्छ। दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीलाई नेपाली शिक्षणमा सिकाइको कमी भएको जस्तो देखियो। यो त्रुटिको नतिजा हेर्दा शिक्षणमा सुधार ल्याउनुपर्ने देखिन्छ।

### ४.३.४ आदरगत त्रुटि

चाम्लिङभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठन अर्न्तगत आदरगत प्रयोगमा पनि त्रुटि गरेको पाइयो। आदरको कर्ताअनुसार क्रियापदको प्रयोग नगरेको पाइयो। कर्ता एउटा अर्कै क्रियापद प्रयोग गरिएको छ। यस्ता त्रुटिहरू दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूबाट अत्याधिक मात्रामा त्रुटि हुने गरेको देखिन्छ। यस अध्ययनमा चाम्लिङभाषी विद्यार्थीहरूले गरेको त्रुटिको स्थलगत नतिजा यसप्रकार रहेको छ :

१) बुबा विदेशमा छ।

२) दिदीहरू भात पकाउँछ।

३) भाइ चकचक गर्छे।

४) आमा पूजा गर्छ।

५) दाजु स्कुलमा पढाउँछ।

नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्दा यी त्रुटिहरू गरेका हुन । आदरगत त्रुटि हुनुका मुख्य कारण आफ्नो मातृभाषाका कारण हुन् । नेपाली भाषा कम बोल्ने चाम्लिङभाषा मात्र धेरै बोल्ने वक्ता भएका कारणले गर्दा यस्ता त्रुटिहरू भएका हुन् । यस परीक्षाबाट प्राप्त त्रुटिहरूलाई तथ्याङ्कगत रूपमा प्रस्तुत गरिएको छ ।

तालिका ४ : आदरगत त्रुटिहरूको विवरण

| क.सं. | विवरण | छनोट विद्यार्थी सङ्ख्या | त्रुटि गर्ने विद्यार्थी | | त्रुटि नगर्ने विद्यार्थी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | उच्च आदर | ८० | ५० | ६२.५ | ३० | ३७.५ |
| २ | मध्यम आदर | ८० | ४४ | ५५ | ३६ | ४५ |
| ३ | निम्न आदर | ८० | ३५ | ४३.७५ | ४५ | ५६.२५ |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार सबैभन्दा बढी त्रुटि उच्च आदरमा भएको पाइएको छ । उच्च आदरमा त्रुटि गर्ने विद्यार्थी ६२.५ प्रतिशत रहेको छ । मध्यआदरमा त्रुटि गर्ने विद्यार्थी ५५ प्रतिशत रहेको छ । निम्न आदरमा त्रुटि गर्ने विद्यार्थी सङ्ख्या ४३.७५% रहेका छन् । स्थलगत नतिजा हेर्दा चाम्लिङभाषी विद्यार्थीले बढी मात्रामा निम्न आदर क्रियापदको प्रयोग गरेको पाइयो । विद्यार्थीले उच्च आदरमा आफूभन्दा ठूलालाई आदर गर्नुपर्छ भन्ने थाहा भएको तर लेखन शैलीमा कर्ता अनुसारको क्रियापद प्रयोग नगरेको पाइयो । यस अध्ययनलाई हेर्दा सिकाइमा लेखन अभ्यासको कमीका कारणले गर्दा आदरगत त्रुटि भएको देखिन्छ । नेपाली भाषाको वाक्यमा कर्ता अनुसारको क्रियापद अनिवार्य हुन्छ तर चाम्लिङभाषामा अरु भाषामा जस्तो आदर व्यवस्था छैन । चाम्लिङभाषामा नि को प्रयोग गरेर आदरार्थी सम्बोधनका लागि प्रयोग गरिन्छ ।

### ४.३.४.१ आदरगत त्रुटिको कारणहरू

चाम्लिङ भाषामा आदरको तह नभएको र काँ खु, खाना, खुची, कैका खैनी जस्ता सर्वनामले य, ऊ, तिमी, तँ, उनी, हामी, तपाई आदि सबै तहको काम गर्ने गर्दछ । यसमा आदरको कर्ता अनुसारको क्रियापद पनि फरक नभएका कारणले दोस्रो भाषाका रूपमा नेपाली सिक्ने चाम्लिङभाषी विद्यार्थीहरूले आदरगत त्रुटि गर्ने गरेको पाइन्छ ।

### ४.३.५ नेपाली भाषाको वाक्यलाई चाम्लिङभाषामा अनुवाद

अध्ययन अनुसन्धानका लागि अनुवाद कार्य पनि एउटा जटिल कार्य हो । यस अनुवादमा चाम्लिङभाषी विद्यार्थीहरूलाई नेपाली वाक्य दिएर चाम्लिङभाषामा अनुवाद गर्न लगाइएको छ । यस अनुवादले मातृभाषी विद्यार्थीहरू आफ्नो भाषाप्रति बढी जागरुक भएको देखिन्छ । किनकि विद्यार्थीहरूले चाम्लिङमा अनुवाद गर्दा कुनै पनि त्रुटि गरेको पाइदैन । यस्तो नतिजा हुनुका कारण चाम्लिङभाषा पहिले नै सिकेको वा बोल्ने पृष्ठभूमि भएका कारण मान्न सकिन्छ । नेपाली भाषा सिकाइमा अभ्यासको कमि भएकाले र आफ्नै मातृभाषाको छाप परेका कारण नेपाली वाक्यगठनमा त्रुटि धेरै गर्ने गरेको पाइन्छ । यस अनुवादका नतिजा हेर्दा भने कुनै पनि त्रुटि गरेको पाइदैन । यस्तो हुनुमा मातृभाषा भएको कारणले हो ।

| **नेपाली वाक्य** | **चाम्लिङभाषा** |
| --- | --- |
| १) नाति घरमा छ । | च्योदिम खीम्दा हिडे । |
| २) नीता स्कुल गई । | नीता खिमखाखीमदा खाता । |
| ३) रमेश धेरै दुब्लो थियो । | रमेश केभा खोँपासेतैंको हिडे । |
| ४) केटी हँसिली छे । | यामा उम्रिमाल्योको हिडे । |
| ५) मेरो दाजु आउनुभयो । | आङा बुवा मिताछुदा । |
| ६) गोरुले पानी खायो । | प्युपावा वा दिङ्यो । |
| ७) भाइ खेल्यो । | निछो सेब्दुछा । |
| ८) सुन्तला पँहेलो छ । | सुङसेला हिवारी हिडे । |
| ९) म पढ्छु । | काँ खिप्तिङे । |
| १०) हामी फुटबल खेल्छौं । | कैका फुटबल सेब्दिछिका । |

यसरी नेपाली वाक्यलाई मातृभाषा अनुसार अनुवाद गराइएको छ । मातृभाषाको प्रभावका कारणले गर्दा नै नेपाली भाषा व्याकरणमा धेरै त्रुटि हुने गरेको हो ।

### ४.३.६ स्वतन्त्रलेखन सम्बन्धी त्रुटि विश्लेषण

वाक्यगठनका विभिन्न पक्षहरूमा गर्ने त्रुटिहरूको अध्ययन गर्ने सन्दर्भमा प्रयोग गरिएका विषयगत, वस्तुगत अनुवाद र स्वतन्त्रलेखन गरी चार प्रकारका प्रश्नहरू माथि थि परीक्षण गरिएको थियो । परीक्षणका क्रममा सम्पूर्ण तथ्याङ्कहरूको विश्लेषण गरिसकिएको छ । त्यस्तै स्वतन्त्रलेखनको कार्यपनि एउटा महत्वपूर्ण पाटो हो । यस स्वतन्त्रलेखन कार्यमा विद्यार्थीहरूको नतिजा हेर्दा यसमा पनि लिङ्ग, वचन, पुरुष र आदरगत तहमा त्रुटि गरेको पाइयो । यस परीक्षणको नतिजालाई अध्ययन गर्दा सबैभन्दा बढी त्रुटि क्रियापदमा गरेको देखिन्छ । चाम्लिङभाषी विद्यार्थीले दोस्रो भाषाका रूपमा नेपली भाषा सिक्दा ती वाक्यमा कर्ताअनुसारको क्रियापदको प्रयोग नगरेको पाइयो । यस्ता त्रुटि हुनुका कारण मातृभाषाको प्रभाव र शिक्षण सिकाइ अभ्यासको कमी हो जस्तो देखिन्छ । यस्ता त्रुटिहरू कम गर्नका लागि शिक्षण सिकाइ अभ्यासमा विद्यार्थीलाई जोड दिनुपर्दछ र दुवै भाषामा दक्ष भएको शिक्षक भएमा पनि विद्यार्थीहरूले गर्ने त्रुटि पहिचान गरी निराकरण गर्न सकिन्छ ।

## ४.४ प्राप्ति तथा सारांश

### ४.४.१ प्राप्ति

यस अध्ययनका क्रममा चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली भाषा सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरू विभिन्न क्षेत्रमा गरेको पाइयो । प्रत्यक्ष वा स्थलगत अध्ययन गरेर पत्ता लगाइएको त्रुटिका क्षेत्रहरू लिङ्ग, वचन, पुरुष र आदरमा परीक्षण गरिएको छ । यस परीक्षणबाट प्राप्त विद्यार्थीले गरेका त्रुटि यस प्रकारको पाइयो । स्त्रीलिङ्गमा ६५ प्रतिशत पुलिङ्गमा २२.५ प्रतिशत त्यस्तै स्त्रीलिङ्ग र पुलिङ्ग दुवैमा त्रुटि गर्ने विद्यार्थी सङ्ख्या ७३.७५ प्रतिशतले त्रुटि गरेको पाइयो । वचनगत त्रुटि ६५ प्रतिशत बहुवचन ७७.५ प्रतिशत रहेको पाइयो । लिङ्ग र वचनमा झण्डै उस्ता उस्तै त्रुटि गरेको तथ्याङ्कले देखाएको छ । प्रथम पुरुष ६८.७५ प्रतिशत, द्वितीय पुरुषमा ६० प्रतिशत र तृतीय पुरुष ४० प्रतिशत त्रुटि गरेको पाइयो । आदरगत त्रुटिमा उच्च आदरमा बढी त्रुटि रहेको छ । ६२.५ प्रतिशत मध्य आदरमा ५५ प्रतिशत र निम्न आदरमा ४३.७५% पाइयो ।यस अध्ययनका क्रममा नेपाली भाषाका वाक्यलाई चाम्लिङभाषामा पनि अनुवाद गराइएको छ । त्यस्तै गरी स्वतन्त्रलेखन कार्य पनि गराइएको छ । स्वतन्त्रलेखनले विद्यार्थीको लेखनशैलीको विकास हुने र बौद्धिक क्षमता तथा शुद्धलेखन शैलीमा बृद्धि हुने गर्दछ

र विद्यार्थीहरूको त्रुटि पनि कम गर्न सकिन्छ । त्यस्तै यहाँपनि स्वतन्त्रलेखन कार्यलाई राखिएको छ । स्थलगत अध्ययनको नतिजाबाट प्राप्त त्रुटिहरूमा कर्ता अनुसारको क्रियापदको प्रयोग नगरिएको पाइयो । यस्तो हुनुका कारण मातृभाषाको प्रभाव हो ।

चाम्लिङभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा कुन कुन कारणले गर्दा त्रुटि गर्ने गर्दछन् भन्ने कुराको अध्ययन गर्दा प्राप्त भएको नतिजा यस्तो पाइयो । लिङ्गमा त्रुटि गर्नुका कारण नेपाली भाषालाई चाम्लिङभाषी विद्यार्थीले दोस्रो भाषाको रूपमा सिक्दा मातृभाषाको प्रभाव परेको हुनाले त्रुटि गरेको हो । वचनगत त्रुटि गर्ने कारण नेपाली भाषामा २ प्रकारको वचन रहने तर चाम्लिङभाषामा ३ प्रकारको वचन रहेको र सबै वचन बुझाउने कर्ता र कर्म शब्दहरूको बनोट फरक हुने गर्दछ । द्विवचनमा 'चि' र बहुवचनमा 'नि' प्रत्यय लाग्छ भने क्रियापदको रूपमा पनि त्यही भएका कारणले गर्दा वचनगत त्रुटि भएको पाइयो । पुरुषगत त्रुटि हुनुका कारण चाम्लिङभाषामा कर्ता फरक भएपनि क्रियापद उस्तै प्रयोग हुने देखिन्छ । आदरगत त्रुटि हुनुका कारण चाम्लिङभाषामा कर्ता फरक तर क्रियापद एउटै प्रयोग हुनुका कारणले पनि आदरमा बढी त्रुटि हुने गरेको पाइयो । यस्ता त्रुटि निराकरण गर्नका लागि विद्यालयमा सानो कक्षादेखि नै विद्यार्थीहरूलाई विद्यार्थीको क्षमता हेरेर त्यही अनुसारको नेपाली भाषा शिक्षण गर्नुपर्दछ । शिक्षार्थीलाई शुद्ध व्याकरण उच्चारण गर्न लेख्न, पढ्न सिकाउनु पर्दछ । उनीहरूलाई निरन्तर अभ्यास गराइ राख्ने र शिक्षकले पनि शुद्ध बोल्ने लेख्ने र शिक्षार्थीलाई नेपाली व्याकरणतर्फ उत्प्रेरित गर्न सकिन्छ । यस्ता त्रुटि निराकरण गर्नका लागि शिक्षक दुवै भाषामा ज्ञान भएको हुनुपर्दछ । यसरी सानै कक्षाबाट नै शिक्षकले शुद्ध व्याकरण शिक्षण गर्ने हो भने त्रुटि निराकरण हुने स्पष्ट देखिन्छ ।

## ४.४.२ सारांश

यस अनुसन्धानको (अध्ययनको) शीर्षक कक्षा ८ मा अध्ययनरत चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन रहेको छ । चाम्लिङभाषी विद्यार्थीले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण, कारण पत्ता लगाउनु र त्रुटिको निराकरणका लागि आवश्यक उपायहरू पत्ता लगाउनु यस अध्ययनको उद्देश्य रहेको छ । यस अध्ययनलाई खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकामा रहेका ५ ओटा सामुदायिक विद्यालयमा अध्ययनरत ८० जना चाम्लिङभाषी विद्यार्थीलाई छनोट गरिएको छ । विभिन्न आधारमा वाक्यगठनका लिङ्ग, वचन, पुरुष र आदरसँग सम्बन्धित वस्तुगत,

विषयगत, अनुवाद र स्वतन्त्रलेखनका लागि प्रश्न निर्माण गरी छनोटमा परेका विद्यार्थीलाई लिखित परीक्षा लिएर सामग्री सङ्कलन गरिएको छ । यस शोधमा विद्यार्थीले दिएका परीक्षाबाट प्राप्त त्रुटिहरूलाई व्याख्या र विश्लेषण गरिएको छ ।

यस अध्ययनको वाक्यगठनमा व्याकरणिक कोटि लिङ्ग, वचन, पुरुष र आदरसँग मात्र सम्बन्धित रहेको छ । यस कार्यका लागि स्थलगत अध्ययन बाहेक यस क्षेत्रको अग्रज वक्ता चाम्लिङभाषी विशेषज्ञसँग छलफल गरी चाम्लिङभाषा र नेपाली भाषाको व्यतिरेकी अध्ययन पनि गरिएको छ । यस शोध कार्य गर्नका लागि सम्बन्धित विभिन्न पुस्तक, शब्दकोश, व्याकरण ऐतिहासिक पुस्तक तथा शोधपत्रहरूको पनि अध्ययन गरेर यस अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

यस अध्ययनबाट के कुरा पत्ता लगाइएको छ भने चाम्लिङभाषी विद्यार्थीले नेपाली वाक्यगठनमा अत्याधिक मात्रामा त्रुटि क्रियापदमा गरेका र मातृभाषाको प्रभावले गर्दा त्रुटि भएको देखिन्छ । यसबाहेक त्रुटि हुने कारण नेपाली दोस्रो भाषी नै शिक्षक हुनु र सिकाइ अभ्यासको कमी हुनुका कारणले पनि त्रुटि भएको देखियो । यस अध्ययनमा लिङ्ग, वचन, पुरुष र आदर शीर्षकमा छलफल गरियो र विभिन्न प्राप्त तथ्याङ्कको विश्लेषण गरियो ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

जुनसुकै अध्ययन निष्कर्षमा पुग्नु आवश्यक हुन्छ । निष्कर्षमा नपुगेको अध्ययनको कुनै अर्थ र महत्व रहदैन । यस शोधकार्य कक्षा ८ मा अध्ययनरत चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटि विश्लेषण शीर्षक अध्ययनमा पनि शिक्षार्थीहरूले सम्बन्धित क्षेत्रमा गर्ने त्रुटिहरूको पहिचान व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्षमा पुगिएको छ । उक्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

क) चाम्लिङ भाषा एउटा भोट वर्मेली परिवारभित्र पर्ने भाषा हो । यहाँ चाम्लिङ भाषामा पनि अरु राई भाषामा जस्तै लिङ्गभेद छैन । तर पनि यस अध्ययनको परीक्षणबाट प्राप्त त्रुटिहरू हेर्दा लिङ्गमा जुन कर्ता अनुसारको क्रियापद प्रयोग गर्नुपर्ने हो । त्यस अनुसारको प्रयोग नगरिएका कारण त्रुटि बढी भएको पाइयो । यस्तो त्रुटि देखिनुमा मातृभाषाको कारणले भएको हो ।

ख) नेपाली भाषामा एकवचन बहुवचन दुई ओटा वचन प्रयोग गरिने र यसमा कर्ता र कर्म अनुसारकै क्रियापद प्रयोग गर्नुपर्ने व्यवस्था छ तर चाम्लिङ भाषामा एकवचन, द्विवचन र बहुवचन गरी तीन प्रकारका छन् । यी तीन वचनहरू क्रिया र सर्वनाममा प्रयोग गरिन्छ । बहुवचन बनाउनका लागि 'चि' को प्रयोग गरी बनाइन्छ । यसरी दुई भाषाको नियम फरक रहेकाले चाम्लिङभाषी सिकारुले वचनगत त्रुटि बढी गरेको देखिन्छ ।

ग) चाम्लिङभाषी विद्यार्थीले नेपाली वाक्यगठन गर्दा पुरुषगत रूपमा पनि त्रुटि गरेको पाइयो । यस्तो त्रुटि हुनुका कारण मातृभाषाको प्रभावसँगसँगै नेपाली शिक्षण सिकाइ अभ्यासको कमी भएको देखिन्छ । यस्ता त्रुटि निराकरण गर्नका लागि नेपाली भाषा शिक्षण सिकाइमा सबैभन्दा बढी सुधार गर्नुपर्ने देखिन्छ ।

घ) नेपाली वाक्यगठन गर्दा चाम्लिङभाषीले आदरगत रूपमा पनि त्रुटि गर्ने गरेको पाइयो । यस अध्ययनको परीक्षणबाट प्राप्त नतिजा हेर्दा उच्च आदरको कर्तामा निम्न आदरको

क्रियापदको प्रयोग गरेको पाइयो । यस्ता त्रुटि कम गर्नका लागि शिक्षण सिकाइ कार्यमा विद्यार्थीहरूलाई निरन्तर अभ्यासमा जोड दिदा त्रुटि केही कम गर्न सकिन्छ ।

ङ) वाक्यगठनका क्रममा सबैभन्दा बढी त्रुटि बहुवचनमा र प्रथम पुरुषमा गरेको पाइयो । त्यसपछि स्त्रीलिङ्ग र आदरमा केही कम त्रुटि भएको पाइयो । नेपाली भाषाको वाक्यलाई पनि चाम्लिङमा अनुवाद गराइयो । त्यस्तै स्वतन्त्रलेखनको नतिजालाई पनि हेर्दा त्यस वाक्यहरूमा कर्ता अनुसारको क्रियापदको प्रयोग नगरिएको पाइयो ।

च) खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिकाका सामुदायिक विद्यालयको विद्यार्थीहरूको त्रुटिका प्रकृति हेर्दा जुन क्षेत्रमा सबै जातिको बसोबास भएको समुदाय र नेपाली मातृभाषा भएका शिक्षकले शिक्षण गरेका विद्यालयको विद्यार्थीले कम मात्रामा त्रुटि गरेको पाइयो । जुन ठाउँमा चाम्लिङ समुदायको सङ्ख्या धेरै बसोबास गरेको छ र शिक्षक पनि चाम्लिङ मातृभाषी नै रहेको विद्यालयमा विद्यार्थीले बढी त्रुटि गरेको देखिएको छ । स्थलगत अध्ययनबाट प्राप्त गरिएको निष्कर्ष रहेको छ ।

जुनसुकै भाषाशिक्षणगर्दा वा सिक्दा सिकारु कुन पृष्ठभूमिबाट आएको हो । त्यसको बारेमा जानकारी हुन आवश्यक हुन्छ । यस अध्ययनमा चाम्लिङभाषी भएका विद्यार्थीहरूले नेपाली भाषा सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको विषयगत अध्ययन गरियो । यसबाट के कुरा पत्ता लगाइयो भने नेपाली भाषा र चाम्लिङ भाषाका आ-आफ्नै भाषिक संरचना र भाषिक विशेषताका प्रभावका कारण नै त्रुटिको मुख्य कारण रहेको पाइयो ।

पारिवारिक वातावरणका कारणले पनि चाम्लिङभाषी विद्यार्थीले त्रुटि गरेको पाइयो । किनकि विद्यार्थीले आफ्नो घरमा बोल्ने भाषा वरीपरी छरछिमेकमा पनि सुन्छ अनि त्यही भाषा शिक्षक पनि चाम्लिङभाषी नै भएका कारण ती विद्यार्थीहरूले सहज रूपमा नेपाली भाषा सिक्दा वाक्यगठनमा त्रुटि गरेको पाइयो ।

मातृभाषाको प्रभावको कारणले विद्यार्थीहरू शुद्धसँग नेपाली बोल्न लेख्न नसक्नु जस्ता त्रुटि गरेको देखियो । किनकी नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्ने भएका कारणले नै वाक्यगठनमा त्रुटि गरेको पाइयो ।

## ५.२ सुझावहरू

भाषा सिकाइका क्रममा त्रुटि हुनु एक स्वभाविक प्रक्रिया हो । बालकले आमाको काखबाटै सिकेको भाषा त त्रुटिरहित रहन सक्दैन भने दोस्रो भाषाका रूपमा कुनै अर्को भाषा सिकिहरेको विद्यार्थीहरूमा यस्ता भाषिक त्रुटिहरू हुनु स्वाभाविक हो । भाषा सिकाइ कठिन कार्य भएकाले जुनसुकै भाषा पनि एकै पटकमा सजिलै सिक्ने सिकाउन सम्भव हुँदैन । भाषा सिकाइ प्रभावकारी र पूर्ण बनाउनका लागि मातृभाषा नेपाली नभएका विद्यार्थीहरूलाई त्रुटिका सम्भावित क्षेत्रहरू औंल्याइ शुद्ध नेपाली भाषा सिकाइमा सहयोग गर्नुपर्दछ ।

चाम्लिङभाषी विद्यार्थीहरूले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरू मातृभाषा अन्य विभिन्न कारणबाट उत्पन्न भएको पाइएको छ । यस अध्ययनको परिच्छेद चारमा नेपाली र चाम्लिङ भाषाको वाक्यगठनमा आधारित रहेर विश्लेषण गरिएको छ । ती समस्याहरूको निराकरण गर्न के कसरी कस्ता उपायहरू अपनाउन सकिन्छ भन्ने कुरा उल्लेख गर्नु आवश्यक भएकाले समस्या निराकरणका निम्न बुँदाहरूमा सुझाव प्रस्तुत गरिएको छ ।

क) चाम्लिङभाषी विद्यार्थीले अत्याधिक त्रुटिहरू मातृभाषाको प्रभावबाट गरेको देखिन्छ । यस्ता त्रुटि निराकरण गर्नका लागि चाम्लिङभाषी विद्यार्थीहरूलाई पहिलो भाषाका रूपमा नेपाली भाषा सिक्ने वा बोल्न वक्ताहरूसँग बढी हेममेल हुने वातावरणको सृजना गर्नुपर्दछ । ताकि नेपाली भाषा वक्ताले बोलेका शुद्ध वाक्यहरू सुनेर उनीहरूले पनि नक्कल गर्दै सजिलै सिक्न सकुन । यसरी सिक्ने वातावरण सृजना गराएमा उनीहरूमा भएको कमजोरीहरू केही मात्रामा हट्दै जान सक्ने देखिन्छ ।

ख) दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्दा पहिलो तथा दोस्रो भाषाको बारेमा पनि राम्रो ज्ञान भएको शिक्षकलाई भाषा शिक्षण गर्न लगाउने वातावरण अपलब्ध गराई प्रशस्त अभ्यासमा संलग्न गरी त्रुटि निराकरण गर्न सकिन्छ ।

ग) चाम्लिङभाषी विद्यार्थीहरूका स्थलगत अध्ययनबाट प्राप्त नतिजा हेर्दा अत्याधिक त्रुटिहरू क्रियापदमा गर्ने गरेको पाइएकाले यस्ता त्रुटि निराकरण गर्नका लागि शिक्षकहरूले वाक्यगठनसम्बन्धी विद्यार्थीहरूलाई प्रशस्त अभ्यास गराउनु पर्दछ ।

घ) अभ्यासमा आधारित भाषाशिक्षण र सिकाइ कार्यकलापमा जोड दिनेगरी पाठ्यपुस्तक र सोही अनुसारको शिक्षक निर्देशिका प्रत्येक शिक्षकलाई अनिवार्य रूपमा उपलब्ध गराइ शिक्षण गर्दा अझ प्रभावकारी हुने देखिन्छ ।

ङ) शिक्षणका सन्दर्भमा नेपाली भाषा व्याकरणका विभिन्न पक्षहरूमा बढी जोड दिनुपर्ने गरी पाठ्यक्रम निर्माण गर्दा त्रुटि कम गर्न सकिन्छ ।

च) चाम्लिङभाषी विद्यार्थीहरूलाई सकेसम्म कक्षाकोठाभित्र विद्यालय वरीपरी शुद्ध नेपाली भाषाको प्रयोग गर्ने बानीको विकास गराउन सकिन्छ । यस्तो बानीको विकास भएमा पनि त्रुटि न्यूनीकरण गर्न सकिन्छ ।

छ) वाक्यगठन सम्बन्धी त्रुटि न्यूनीकरण गर्नका लागि सैद्धान्तिक व्याकरणको प्रयोग गर्नुका साटो व्यवहारमूलक अभ्यासमा जोड दिनाले विद्यार्थीहरूको त्रुटि कम गर्न सकिन्छ ।

ज) भाषा शुद्ध प्रयोगका लागि विद्यार्थीहरूलाई अत्याधिक मात्रामा सक्रिय गराई गृहकार्य, स्वतन्त्रलेखन कार्यमा जोड दिइ अभ्यास गराउनाले पनि त्रुटि निराकरण गर्न सकिन्छ ।

झ) शिक्षक नेपाली भाषा र मातृभाषाबीचको अन्तरमा स्पष्ट भई शिक्षण गर्नु प्रभावकारी देखिन्छ । त्यसरी शिक्षण गरेमा विद्यार्थीको त्रुटिमा निराकरण गर्न सकिन्छ ।

## ५.२.१ नीतिगत तहका लागि सुझाव

भाषा सिकाइ एउटा जटिल र महत्वपूर्ण कार्य हो । बिनात्रुटि कुनै पनि भाषा सिक्न सकिदैन । यहाँ भाषालाई त्रुटिरहित बनाउने भनेको नै व्याकरण हो । नेपाली भाषाको व्याकरणलाई प्राथमिक तहदेखि नै विद्यार्थीको क्षमता अनुसार शुद्ध गरी बोल्न लेख्न अभ्यास गराउन सकिएमा त्रुटि कम गर्न सकिन्छ । नेपाली भाषाको पाठ्यक्रम निर्माण गर्दा, पाठ्यपुस्तक निर्माण गर्दा, नेपाली भाषासम्बन्धी विभिन्न नीतिहरू निर्माण गर्दा दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीहरूलाई सहयोगी र सहज हुने खालको शैक्षिक सामग्रीहरू सरकारी तहबाट उपलब्ध गराउने गराइएमा ती शैक्षिक सामग्रीहरूको सही सदुपयोग भएको छ कि छैन नियमित रूपमा अनुगमन गर्ने काम गरेमा विद्यार्थीहरूले गर्ने त्रुटि निराकरण गर्न सकिन्छ ।

### ५.२.२ अभ्यास तहका लागि सुझाव

यस शोधकार्यमा चाम्लिङभाषी विद्यार्थीले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान गरी त्यसप्रकार त्रुटिहरूले हुने कारण पत्ता लगाउने कार्य गरिएको छ । त्यस्तै विद्यार्थीबाट हुने त्रुटिहरू निरारकण गर्न सकिने उपायहरूलाई सुझावका रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययन शिक्षक दोस्रो भाषाको रूपमा नेपाली सिक्ने चाम्लिङभाषी विद्यार्थीहरूलाई पनि सहयोग पुग्ने देखिन्छ । चाम्लिङ मातृभाषी विद्यार्थीहरूले दोस्रो भाषाको रूपमा नेपाली सिक्दा हुने गरेको त्रुटिहरूको पहिचान गरि निराकरणका उपायहरू अवलम्बन गर्न र भाषिक उपलब्धि हासिल गर्न समेत सहयोगी पुस्तक हुन सक्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

अनुसन्धान भनेको कुनै कुराको खोज गर्नु, नयाँ कुरा पत्ता लगाउनु हो । अनुसन्धान कार्य एउटा निरन्तर प्रक्रिया हो । सबै विषयसँग सम्बन्धित रहेर चाम्लिङ भाषाका सन्दर्भमा धेरै अध्ययन अनुसन्धान गर्न सकिन्छ । चाम्लिङ भाषाका लागि थप यी शीर्षकहरूमा रहेर अनुसन्धान गर्न सकिन्छ :

क) चाम्लिङभाषी विद्यार्थीले दोस्रो भाषा सिक्दा वर्णविन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन,

ख) चाम्लिङभाषा र नेपाली भाषाको तुलनात्मक अध्ययन,

ग) चाम्लिङ व्याकरण र नेपाली व्याकरणबीच व्यतिरेकी अध्ययन ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङराज (२०५३), *भाषा शिक्षण :* केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ओली, रेनुका (२०७२), *"कक्षा ९ मा अध्ययनरत राजवंशीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा पदसङ्गतिमा गर्ने त्रुटिहरूको अध्ययन"*स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

कडेल, श्रीप्रसाद र अन्य (२०७४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौः शुभकामना प्रकाशन प्रा.लि. ताहाचल ।

खनाल, कविता (२०६५), *मोरङ जिल्लाको कक्षा ८ मा अध्ययनरत थारुभाषी विद्यार्थीले गर्ने वर्णविन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन,* स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

गिरी, लोकमाया (२०७४), *धिमालभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,* स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

थापा, भगवती (२०७३), *"कक्षा ६ मा अध्ययनरत मोरङीय थारुभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन"* स्नातकोत्तर तह शोधपत्र, त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६९), *"सामान्य भाषाविज्ञान",* काठमाडौं : सनलाइट पब्लिकेसन (स्टुडेन्ट्स बुक्स) कीर्तिपुर ।

पोखरेल, पूर्णचन्द्र (२०६९), *"कक्षा सातमा अध्ययनरत सतारभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन",* स्नातकोत्तर तह शोधपत्र, त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस ।

पौडेल, माधवप्रसाद (२०६९), *"प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू"*प्रथम संस्करण, काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. भोटहिटी ।

पौडेल, अनिता (२०७३), *"कक्षा ६ मा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटि",* स्नातकोत्तर तह शोधपत्र, त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस ।

बराल, कृष्णहरी र नेत्र एटम (२०६८), *नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,* काठमाडौ : तलेजु प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०६८), *"भाषिक अनुसन्धान विधि",* दोस्रो संस्करण,काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि, ताहाचल ।

भण्डारी, पारसमणि र अन्य (२०७०), *"सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान",* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

माझी, माया (२०७२), *माझीभाषी विद्यार्थीहरूले नेपाली भाषी प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन,* स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

मिश्र, सुशीलादेवी (२०५५/५६) *कक्षा ५ उत्तीर्ण थारुभाषी विद्यार्थीहरुले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरुको अध्ययन,* अप्रकाशित शोधपत्र मोरङ, सुकुना बहुमुखी क्याम्पस ।

वास्तोला, सीता (२०७०), *कक्षा ८ मा अध्ययनरत लिम्बूभाषी विद्यार्थीले स्तरीय नेपाली सिक्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,* स्नातकोत्तर तह शोधपत्र, त्रिभुवना विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

विष्ट, हेमन्त (२०७०), *कक्षा ९ मा अध्ययनरत धिमालभाषी विद्यार्थीहरूले स्तरीय नेपाली प्रयोग गर्दा वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,* स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

राई, नोवलकिशोर र अन्य (२०५८), *चाम्लिङ, नेपाली, अङ्ग्रेजी शब्दकोश,* काठमाडौ : किरात चाम्लिङ राई शब्दकोश तथा व्याकरण निर्माण मूल समिति ।

राई, विष्णुएस (२०६८), *चाम्लिङ व्याकरण,* काठमाडौं : किरात चाम्लिङ राई शब्दकोश तथा व्याकरण निर्माण मूल समिति ।

रेग्मी, बालकृष्ण (२०६७), *कक्षा ६ मा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,* स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

लिम्बू, प्रेमबहादुर (२०६१), *कक्षा ६ मा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा पदसङ्गतिमा गर्ने त्रुटिहरूको विश्लेषण,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि. कीर्तिपुर ।

शर्मा, नेपाल र अन्य (२०७५), *व्यवहारिक व्याकरण व्याकरण, रचना बोध र अभिव्यक्ति,* काठमाडौँ : भाभा प्रकाशन प्रा.लि. ।

शर्मा र अन्य (२०७२), *"नेपाली भाषा र साहित्य शिक्षण",* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

# परिशिष्ट

विद्यार्थीको नाम : कक्षा :

विद्यालयको नाम : रोल नं. :

१. तलका पुलिङ्गी वाक्यलाई स्त्रीलिङ्गी बनाएर लेख्नुहोस् ।

क) विनोद घर आयो ।

..............................................................................

ख) भाइ बजार गयो ।

..............................................................................

ग) दाजु आउनु भयो ।

..............................................................................

घ) मामा भात खानुहुँदैथियो ।

..............................................................................

ङ) बुबा घर जानुहुन्छ ।

..............................................................................

२. तलका स्त्रीलिङ्गी वाक्यलाई पुलिङ्गी बनाएर लेख्नुहोस् ।

क) बबिता विद्यालय जान्छिन् ।

..............................................................................

ख) बहिनी मेहनती छे ।

..............................................................................

ग) दिदी पोखरा जानुभयो ।

..............................................................................

घ) आमा पूजा गर्नुहुन्छ ।

..............................................................................

ङ) काकी आउनु भयो ।

..............................................................................

३. तलका वाक्यलाई बहुबचनमा परिवर्तन गरी लेखन्नुहोस् ।

क) म खेल्न गएँ ।

..............................................................................

ख) बहिनी राम्री छे ।

..............................................................................

ग) भाइ आयो ।

..............................................................................

घ) छोरी स्कुल गइन् ।

..............................................................................

ङ) तिमी किताब पढ्छौ ।

..............................................................................

४. तलका वाक्यहरूलाई कोष्ठकमा दिइएको सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् ।

क) तँ विद्यालय जान्छस् । (प्रथम पुरुष )

..............................................................................

ख) तिमी गृहकार्य गर्छौ । (प्रथम पुरुष)

..............................................................................

ग) हामी धरान जान्छौँ। (तृतीय पुरुष)

..........................................................................................

घ) म घरमा पढ्छु। (द्वितीय पुरुष)

..........................................................................................

ङ) उनीहरू बजार जान्छन्। (तृतीय पुरुष)

..........................................................................................

५. तलका वाक्यलाई कर्ताअनुसार आदरको प्रयोग गरी लेख्नुहोस्।

क) बुबा विदेशमा छ।

..........................................................................................

ख) दिदीहरू भात पकाउँछन्।

..........................................................................................

ग) भाइ चकचक गर्नु हुन्छ।

..........................................................................................

घ) आमा पूजा गर्छिन्।

..........................................................................................

ङ) दाजु स्कुलमा पढाउँछ।

..........................................................................................

६. तलका वाक्यलाई चाम्लिङ भाषामा अनुवाद गर्नुहोस्।

क) नाति घरमा छ।

..........................................................................................

ख) नीता स्कुल गई ।

..............................................................................

ग) रमेश धेरै दुब्लो थियो ।

..............................................................................

घ) केटी हँसिली छे ।

..............................................................................

ङ) मेरो दाजु आउनु भयो ।

..............................................................................

च) गोरूले पानी खायो ।

..............................................................................

छ) भाइ खेल्यो ।

..............................................................................

ज) सुन्तला पहेलो छ ।

..............................................................................

झ) म पढ्छु ।

..............................................................................

ञ) हामी फुटबल खेल्छौँ ।

..............................................................................

७. तपाई चण्डी पूर्णिमा (साकेला पर्व) कसरी मनाउनुहुन्छ ?१० वाक्यमा लेख्नुहोस् ।

८. कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् ।

क) मनपर्ने शिक्षक		ख) मनपर्ने विषय

ग) मेरो विद्यालय		घ) मेरो कक्षाकोठा

वस्तुगत प्रश्नहरू

१. तलका खाली ठाउँमा सुहाउँदो आदरार्थी क्रियापद भर्नुहोस् ।

क) दिदी घर ............................ (गयो, जानुभयो ) ।

ख) तँ विद्यालयमा हल्ला ............................. (गर्छस्, गरिस् )

ग) तिमी यतै ............................... (बस, बस्नुहोस )

घ) तपाई कहिले ................................ (आउनुहुन्छ, आउछस)

ङ) मामा धरानबाट .............................. (आयो, आउनुभयो)